कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ३५ (संयुक्तांक २८९) ने. सं. ११३७ चौलाथ्व पारु बुधवा: २०७३ चैत १६ गते बुधवार (Mar 29, 2017) मूल्य रु.१०/- पृष्ठ १८

## बार्षिक Calendar छपाई विशेष छुटका साथ

**Calendar छाप्दा Visiting Card**

सितैमा

★ शर्तहरु लागु हुनेछ ।

TREE MEDIA PVT. LTD.

## क्यालेण्डर मुल्य सुची

१. साईज १२"x १८"
२. पाना संख्या -३
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १३० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ३८/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २४/-
७. जम्मा संख्या २००० को प्रति पिस रु २२/-

१. साईज १२"x १८"
२. पाना संख्या -३
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ४०/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २७/-
७. जम्मा संख्या २००० को प्रति पिस रु २४/-

१. साईज १२"x १८"
२. पाना संख्या - १ ( एक साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. २०/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. १४/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १२/-
८. जम्मा संख्या ३००० को प्रति पिस रु १०/-

१. साईज १२"x १८"
२. पाना संख्या - १ ( एक साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - २०० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. २१/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. १६/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १३.५०/-

१. साईज १२"x १८"
२. पाना संख्या - १(एक साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - २५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. २२.५०/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. १७/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १४.५०/-

१. साईज १२"x १८"
२. पाना संख्या - २ ( दुबैसाइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १३० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. २८/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २०/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १७/-

१. साईज १२"x १८"
२. पाना संख्या - १ ( एक साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - २०० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. २१/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. १६/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १३.५०/-

१. साईज १२"x १८"
२. पाना संख्या - २(दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ३०/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २२/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १९/-

१. साईज १५"x २०"
२. पाना संख्या - १ ( दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - २०० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ३२/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २२/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १९/-

१. साईज १५"x २०"
२. पाना संख्या - ३
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १३० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ७०/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. ४३/-
७. जम्मा संख्या २००० को प्रति पिस रु ३६/-
८. जम्मा संख्या ३००० को प्रति पिस रु ३२/-

१. साईज १५"x २०"
२. पाना संख्या - १ ( दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ३४/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २४/-
७. जम्मा संख्या २००० को प्रति पिस रु २०/-

१. साईज १५"x २०"
२. पाना संख्या - ३
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ७२/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. ४६/-
७. जम्मा संख्या २००० को प्रति पिस रु ३८/-

१. साईज १५"x २०"
२. पाना संख्या - १ ( दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - २०० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ३८/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २६/-
७. जम्मा संख्या २००० को प्रति पिस रु २१/-

१. साईज १५"x २०"
२. पाना संख्या - १ ( दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - २५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ४०/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. २८/-
७. जम्मा संख्या २००० को प्रति पिस रु २३/-

१. साईज १२"x २३"
२. पाना संख्या - ३(दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ८२/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. ५६/-
७. जम्मा संख्या २००० को प्रति पिस रु ४१/-

१. साईज ७.५"x २३"
२. पाना संख्या - ३(दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १३० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. २५.५०/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. १६/-
७. जम्मा संख्या २००० को प्रति पिस रु १४/-

१. साईज १२"x २३"
२. पाना संख्या - ३(दुबै साइड प्रिन्ट )
३. ४ कलर प्रिन्ट
४. आर्ट पेपर - १५० ग्राम
५. जम्मा संख्या ५०० को प्रति पिस रु. ८२/-
६. जम्मा संख्या १००० को प्रति पिस रु. ५६/-
७. जम्मा संख्या २००० को प्रति पिस रु ४१/-

treemedianp@gmail.com

www.facebook.com/treemediapvtltd

TREE MEDIA PVT. LTD.

ट्रि मेडिया प्रा. लि.

कीर्तिपुर, काठमाडौं

फोन नं.: ०१-४३३४४७४, ९८५१२१०४६३, ९७४१०२६७२३

# नेपालमा वृद्ध जनसङ्ख्याको स्थिति–४



**नारायण महर्जन**
शहिद स्मारक कलेजको
लेक्चरर

## ८. निष्कर्ष:

नेपालको प्रत्येक जनगणनामा वृद्ध सूचाङ्क (Index of ageing) बढ्दै गएको र औसत आयु बृद्धि हुदै गएको, तीव्र गतिमा मृत्युदर घटेको आदि कारणले गर्दा नेपालमा वृद्ध जनसंख्या निश्चित रुपमा बढ्दै जान्छ । विश्वमा आर्थिक रुपले सम्वृद्ध भनिने विकसित मुलुकहरुमा त वृद्ध जनसंख्या व्यवस्थापन चुनौतिका रुपमा खडा भएको परिवेशमा नेपाल जस्तो अल्पविकसित मुलुकको कुल जनसंख्या वृद्धिदर भन्दा वृद्ध जनसङ्ख्या वृद्धिदर वढिरहने अवस्था हुँदा निकट भविष्यमा नै यो जटिल समस्यावाट अछुतो रहँदैन ।

प्रत्येक जनगणना वर्षहरुमा वृद्धहरुको जनसंख्याको आकार झन झन बढ्दै गइरहेको माथिको तथ्यांकवाट स्पष्ट देखाइएको छ। अझ यहाँ वृद्ध जनसङ्ख्याको आकार र वृद्धिदर मा समेत वृद्धि भएको देखिन्छ ।

क. धन तथा वैभव प्रमुख मानिएको सामाजिक अवधारणाले व्यक्ति पारिवारिक दायरावाट टाढा विदेसिन बाध्य भएकाले,

ख. शिक्षित एवम् स्वतन्त्र महिलाहरु तथा पुरुषहरु आधुनिक हुने नाममा पारिवारिक विखण्डन भई एकल परिवारमा वस्ने सुनौलो अवसर ठान्ने भएकाले,

ग. एकल आयआर्जनबाट पारिवारिक व्यवस्थापन गर्न कठिन साथै शिक्षाको समान अवसरको कारण महिला तथा पुरुष दुवै आत्मनिर्भर हुन खोज्नाले,

घ. आधुनिक जीवन शैलीवाट प्रभावित भई परम्परागत पारिवारिक संरचना विघटन भइ एकल परिवारको चाहना हुनाले,

ङ. आज आफू बाहेक परिवारका अन्य सदस्यप्रति सकभर जिम्मेवार हुन नपरोस् भन्ने उपभोक्तावादी एकाकीपनको सोचको वर्चश्व बढ्नाले,

च. पुराना पुस्ता र नयाँ पुस्ता विचको ज्ञान, सिप, सञ्चार आदिको ठुलो खाडलले गर्दा पुस्तागत दुरी (Generation gap) बढ्नाले,

छ. पैत्रिक सम्पति केही नभएर वा आफुसंग भएको चल अचल सम्पति सन्ततिका कल्याणका लागि खर्च गरेर वा सबै सम्पति सन्ततिको नाममा हस्तातरण गरी आफूसंग केही नराख्नाले,

ज. नेपालमा विदेशमा जस्तो सामाजिक सुरक्षा (social security) को व्यवस्था तथा नीति नभएकाले माथिका कारणहरुले नेपालमा वृद्ध जनसङ्ख्या ठुलो समस्याको रुपमा हाम्रो सामु आइरहेको छ र अझ झन यो समस्या भविष्यमा ठुलो चुनौतीको रुपमा सामना गर्नु पर्ने देखिन्छ । विकसित देशमा पनि समस्याका रुपमा उभिएको वृद्ध जनसङ्ख्या हाम्रो जस्तो देशमा भयावह रुप नलेला भन्न सकिन्न । तसर्थ यस समस्यालाई व्यवस्थापन गर्न राज्य र स्थानीय सरकारले विशेष चासो राख्नु पर्ने देखिन्छ । यो बिषयमा राज्य र स्थानीय सर कारले मात्र हैन समाजका जिम्मेवार नागरिकहरुले पनि यस विषयमा अग्रसरता लिने वेला आइसकेको छ ।

वृद्ध जनसङ्ख्या बढ्दै जादा देशको आर्थिक, सामाजिक तथा जनसांख्यिक क्षेत्रमा नराम्ररी असर पार्न सक्ने कुरालाई मध्यनजर राख्दै आर्थिक रुपमा, सामाजिक रुपमा र जनसांख्यिक रुपमा के कसरी व्यवस्थापन गर्न सकिन्छ। यसै क्षेत्रसंग सम्बद्ध विज्ञहरुका लागि साथै समाजका अगुवा सामाजिक कार्यकर्ता लागि (राष्ट्रिय स्तरमा मात्र नभई गाउँ गाउँ र सहर सहरमा) बहसको विषय बन्नु पर्ने देखिन्छ ।

नेपालमा वृद्ध जनसङ्ख्या सामाजिक समस्या मात्र नभइ चिकित्सा क्षेत्रमा पनि समस्याको रुपमा उभिएको छ किनभने नेपालमा स्वास्थ्य उपचार गर्न अति महङ्गो भएकोले वृद्ध जनसंख्या भविष्यमा ठूलो समस्याको रुपमा खडा हुनसक्छ । नेपालको एक दशक अघि गरिएको सर्वेक्षण अनुसार वृद्ध जनसङ्ख्यामा ३२.५ प्रतिशत स्वास्थ्य समस्या उपचारबाट पीडित भएको उल्लेख गरेको पाइन्छ ।

विश्वमा दैनिक १ लाख जना मानिसहरु उमेर सम्वन्धी रोगको कारणवाट मृत्यु हुन्छ (विकिपिडिया,२०१६ एजिङ्ग) । दुर्भाग्यवश नेपालमा सामान्य मेडीकल टेस्टमा पनि VAT लिने व्यवस्था छ (एम. एल. सिं,२०१४ईः१०४ भाग २)। जस्तैः पिसाव, सुगरको टेस्ट आदि । कयौं ज्येष्ठ नागरिकहरु महङ्गो उपचार गर्न नसकेर तथा नपाएर मृत्यवरण गर्नुपर्ने स्थिति छ ।

पुछारमा संयुक्त राष्ट्रसंघको एक अध्ययन अनुसार आम्दानी, शिक्षा, रोजगारी, स्वास्थ्य सुविधा, वातावरण आदि यस्ता १३ वटा आधारमा विश्वका देशहरुमध्ये वृद्ध अवस्थामा सबैभन्दा उपयुक्त देश पहिलो स्विडेन, दोस्रोमा नर्वे र तेस्रोमा जर्मनी रहेका छन् भने सबैभन्दा अनुपयुक्त देशहरु अफगानिस्तान, तान्जानिया र पाकिस्तान पर्दछन् (कान्तिपुर, २०७०) । आगामी दिनहरुमा हाम्रो देश नेपाल पनि सबैभन्दा अनुपयुक्त देशहरुको सूचीमा नपर्न भावी योजनाहरु वारे सोच्नुपर्ने वेला भयो कि ?

समाप्त

सन्दर्भ सामाग्रीहरुः

१.Albert, Steven M. and Maria G. Cattell. 1994. Old Age in Global Perspective: Cross-cultural and Cross-national Views. New York: G. K. Hall & Co.

२. Central Bureau of Statistics ( 1991) Population Monograph of Nepal, Kathmandu

३.Central Bureau of Statistics (1991) Population Census, Kathmandu

४.Central Bureau of Statistics ( 2011) Population Census, Kathmandu

५.Central Bureau of Statistics ( 1991 ) National Population and Housing Census, Kathmandu

६ .Central Bureau of Statistics ( 2011) National Population and Housing Census, Kathmandu

७। Subedi, Bhim Pd. (1996), The Geo Demographic Context of Population of Ageing in Nepal , Cotribution to Nepalies Studies Vol. 23, No. 2 ,(CNAS)

८. Singh M. L. 2014, (2011) Aspect of Ageing, Population Monograph of Nepal, Kathmandu

९. Poudel,Nirakar (2005) Problem of Elderly Population, Being an Older Person in Nepal, Nepal news.com

१०. UnitedNation (U N) (2013) World Population Ageing, New York

११. Wikipedia, 2016, the free encychlopedia, Ageing

१२. You tube (2014) Satyamev Jayate Programme : Old Age Sunset, Star plus Channel

१३. कार्की, केदार (2015) ज्येष्ठ नागरिक बुढ्यौली जीवन आजको आधुनिक समाजमा अभिशाप कि वरदान ?, ehp enherald post.com

१४. कान्तिपुर दैनिक पत्रिका , वि. सं. २०७० आश्विन १७ गते

१५. गौतम, कृष्ण मुरारि, महादेवभट्ट र चिरिञ्जिवी कोइराला (२०६६) बुढ्यौली जीवन व्यवस्थापन, काठमाडौं, जेरियाटिक सेन्टर नेपाल

१६. चौलागाई, खडानण्ड (२०६८), बुढ्यौली अवस्थाका व्यवहार, मनोसामाजिक समस्या र समाधानको उपाय, द युनिभर्सल टाइम्स्

१७. नकर्मी, डिल्लीराम (२०७०), दृष्टिकोण, ज्येष्ठ नागरिक समस्या, गोरखापत्र वर्ष ११३, अंक १२, जेठ ४ गते

RARAHIL MEMORIAL SCHOOL
राराहिल मेमोरियल स्कूल
"Be Smart. Be Good!"
Kirtipur-11, Kathmandu, ph no.4330121, 4331249 Email: rarahill@mail.com.np, Website: www.rarahill.edu.com.np

ADMISSION OPEN
to
academic Session 2074/2016/17

Play Group

Salient Features:
Grade teaching classes (Play-way teaching learning approach) at Pre-primary & primary levels.
Homely & natural school environment.
Homely & hygienic hostel facility.
Regular & Special music, dance, art & sport activities, and field trips.
Seperate playground & dining hall for small kids.
Audio Visual teaching & learning classes

100% Successful SLC Result with Remarkable Distinction Since 2003

सारा नेपाली मिलेर अन्याय अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ । यही नै समयको माग हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ३५ (संयुक्तांक २८९) ने. सं. ११३७ चौलाथ्व पारु बुधवा: २०७३ चैत १६ गते बुधवार (Mar 29, 2017 मूल्य रु.१०/- पृष्ठ २०

# 'सर्प, भ्यागुतो, विच्छी चुनाव चिन्ह लिएर चुनावमा जादैनौं'



नयाँ शक्ति पार्टी, नेपालका संयोजक डा. बाबुराम भट्टराईले आँखा चुनाव चिन्ह नपाए चुनावमा भाग नलिने बताएका छन् । मंगलबारदेखि काठमाडौंमा सुरु भएको पार्टीको अन्तरिम केन्द्रीय परिषद्को दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै उनले भने, 'सर्प, भ्यागुतो, विच्छी चुनाव चिन्ह लिएर चुनावमा भाग लिंदैनौं । हामीलाई हाम्रै चुनाव चिन्ह आँखा दिनुपर्छ, चुनाव चिन्हबिना हामी चुनावमा भाग लिँदैनौं ।' डा. भट्टराईले भर्खरै जारी भएको स्थानीय तह निर्वाचन ऐनमा सुनियोजित र बदि्नयतपूर्ण ढंगले अहिले संसदमा नभएका दलहरुलाई दलीय चुनाव चिन्ह प्रदान नगर्ने व्यवस्था भएको प्रति आक्रोश व्यक्त गरे । नयाँ शक्ति उनले निर्वाचन आयोगले तयार पारेको विधेयकमा उपदफा थपेर केही पार्टीहरुले बेइमानी गरेको भन्दै त्यसका विरुद्ध संघर्ष गर्ने बताए । 'हामी चुनावको विकल्प छैन भनिरहेका छौं तर, चुनावमा जानको लागि दलीय चुनाव चिन्हबाट बञ्चित गर्ने व्यवस्था भएको छ', उनले भने ।

## नयाँ शक्तिको समन्वयकारी भूमिका

देशमा संविधान संशोधन कि चुनाव भन्ने सवालमा बहस सिर्जना भइरहेको बताउँदै नयाँ शक्ति पार्टीले चुनावमा संघर्ष र सहभागिताको दोहोरो कार्यनीति अख्तियार गर्ने उनले बताए । 'चुनावी माहोल बढ्दै गएको सन्दर्भमा आदिवासी जनजाति, मधेशी र थारु लगायतका उत्पीडित समुदायहरुको असन्तुष्टिलाई संविधान संशोधनमार्फत सम्बोधन गरी घोषित निर्वाचन सम्पन्न गर्नका लागि नयाँ शक्तिले चुनावलाई संघर्ष र सहभागिताको मोर्चाको रुपमा लिनेछ', बैठकमा प्रतिवेदन पेश गर्दै उनले भने - 'नयाँ शक्तिले राजनीतिक निकासका लागि आन्दोलनकारी शक्तिहरु र सरकारबीच समन्वयकारी भूमिका खेल्ने नीति अख्तियार गर्नेछ ।' संयोजक भट्टराईले घोषित निर्वाचन सम्पन्न गरी देशलाई निकास दिनका लागि पार्टीले अगाडि सारेको ६ सूत्रीय पूर्वशर्तहरु सम्बोधन हुनुपर्ने आवश्यकता औंल्याउँदै निर्वाचनका लागि प्रदेशहरुको सीमांकन टुंग्याउनुपर्ने, विशेष क्षेत्र, संरक्षित क्षेत्र लगायतका संविधानमा उल्लेखित क्षेत्रहरुको पनि टुंगो लाग्नुपर्ने, सर्वदलीय सरकार गठन गर्नुपर्ने, चुनावलाई कम खर्चिलो र मितव्ययी बनाउनुपर्ने, तीनवटै निर्वाचनहरु एकैचोटी गर्नुपर्ने, राजनीतिक स्थिरताका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्ने लगायतका पूर्वशर्तहरु पेश गरे ।

## उम्मेद्वार छनौटका १० आधार पेश

संयोजक भट्टराईले स्थानीय तह निर्वाचनमा उम्मेदवार छनौटको १० आधारहरु पेश गर्दै जनताका मुख्य मुद्दाहरुबारे जानकार तथा विकास निर्माणका सवालहरुमा निर्णायक भूमिका निर्वाह गर्नसक्ने व्यक्ति उम्मेदवार हुने बताउँदै प्रभावकारी सामाजिक छवी भएको स्वतन्त्र सामाजिक व्यक्तिलाई समेत उम्मेदवार बनाउने बताए । बैठकलाई सम्बोधन गर्दै पार्टीका सहसंयोजक रामचन्द्र झाले निर्वाचन आयोगले एकल निर्वाचन चिन्हबाट बञ्चीत गरे स्थानीय तहदेखि केन्द्रसम्म जनदबाब सिर्जना गर्ने बताए । बैठकमा सांगठनिक उपलब्धि प्रस्तुत गर्दै संगठन विभाग प्रमुख देवेन्द्र पौडेलले हालसम्मको अवधिमा सन्तोषजनक काम भएको बताए । अनुशासन आयोगका प्रमुख आयुक्त परशुराम खापुङले बैठकलाई सम्बोधन गर्दै पार्टीभित्र भएका कमीकमजोरी हल गर्दै अघि बढ्नुपर्ने बताए । बैठकमा देशभरबाट करीव एक हजार जना केन्द्रीय परिषद् सदस्यहरुको उपस्थिति रहेको छ । बैठकमा पार्टीको आगामी रणनीतिक कार्ययोजनाका बारेमा छलफल हुनेछ । बैठक १६ गतेसम्म चल्नेछ ।

# प्रचण्ड आएपछि मात्र त्रिपक्षिय रुपमा निर्णायक वार्ता

चीन भ्रमणमा गएका प्रधानमन्त्री पुष्पकमल दाहाल स्वदेश फिर्ता भएपछि विहिवार सत्तापक्ष, प्रमुख प्रतिपक्ष र आन्दोलनरत पक्षवीच निर्णायक वार्ता हुने भएको छ ।

प्रचण्ड चीन भ्रमणमा जानु अघि सत्तापक्ष माओवादी केन्द्र र नेपाली कांग्रेसका नेताहरु, प्रमुख प्रतिपक्ष एमालेका नेताहरु र आन्दोलनरत संघीय गठबन्धनका नेताहरु वीच वार्ता भएको थियो । सो वार्तामा विगतको तुलनामा एमाले पनि केहि हद सम्म लचिलो भएको र संविधान संशोधन गरी अघि बढ्ने विषयमा सकारात्मक भएको थियो । प्रधानमन्त्री प्रचण्डको पहलमा वार्तामा सकारात्मक पहल भएको भएतापनि उहाँ चीन भ्रमणमा निस्केपछि भने खासै त्रिपक्षीय वार्ता समेत नभएको अवस्था हो ।

आन्दोलनरत संघीय गठबन्धनका एक नेताले प्रधानमन्त्री प्रचण्ड नेपाल आइसकेपछि ठोस वार्ता हुने कुरालाई कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै स्वीकार गर्नु भएको छ ।

प्रधानमन्त्रीको स्वदेश फिर्ता संगै वार्ता तिब्र रुपमा हुने र वार्ताले स्थानीय तहको चुनाव, संविधान संशोधन लगायतका विषयमा ठोस निर्णय हुने वा सत्तापक्ष र आन्दोलनरत पक्षवीच झन दुरी बढ्ने मध्ये एक हुने निश्चित छ । त्यसैले अव आउदो हप्ता भित्र चुनावको विषयमा तीनवटै पक्षले आ-आफ्नो रणनीति र कार्यनीति कसरी अघि बढाउने हो भन्ने विषयमा स्पष्ट हुने अवस्था छ ।



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# थ्रेस होल्डले ल्याउने परिणाम

प्रमुख तीन राजनीतिक दल नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र मिली अन्तत: खसेको कूल मत मध्ये ३ प्रतिशत ल्याउनुपर्ने र प्रत्येक्षमा एक जना सांसद निर्वाचित भएपछि मात्र राष्ट्रिय मान्यता पाउने विधयेक संसदवाट पारित गरेपछि विशेष गरि ती तीन राजनीतिक पार्टीको पछि पछि लाग्ने स सना राजनीतिक दलहरुलाई ठूलो समस्या आएको छ ।

संसद्वाट पारित विधयेक अनुसार थ्रेस होल्ड लागू हुने अवस्थामा नेपकिपा, राष्ट्रिय जनमोर्चा, माले लगायतका दलहरु राष्ट्रिय पार्टी नभई स्वतन्त्र रुपमा निर्वाचनको चिन्ह लिएर उठ्नुपर्ने अवस्था आउने छ । संविधानसभाको दोस्रो निर्वाचनको परिणाम जस्तै राप्रपाले पनि समानुपातिकमा बढि मत ल्याएतापनि प्रत्येक्षमा एउटै सिट जित्न सफल नभएमा राप्रपा पनि राष्ट्रिय पार्टी नहुने अवस्था छ ।

थ्रेस होल्ड अर्थत मत सीमाले अव नेपालमा प्रमुख रुपमा चारदेखि पाँचवटा मात्र राष्ट्रिय पार्टी हुने अवस्था छ । नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र र संघीय समाजवादी फोरम । यसमा प्रत्येक्षवाट चुनाव जित्न सफल भए राप्रपा पनि राष्ट्रिय पार्टी हुने अवस्था छ । यो अवस्थामा अव विचार मिल्नेसंग एकीकरण गरि राजनीतिक पार्टीहरु अघि बढ्न बाध्य हुने अवस्था आउनेछ । हैन भने पार्टीहरुको हैसित नै नहुने अवस्था आउने कुरालाई ध्यानमा राखी विशेष गरि स साना पार्टीहरु ठूला था राष्ट्रिय पार्टी बन्न सक्ने र आफूहरुको विचार मिल्ने पार्टीहरुसंग पछिल्लो एकीकरण प्रक्रियमा अघि बढ्ने छ ।

# वातावरण संरक्षण आजको चुनौती



**अशोक शोकी**

नेपाल प्राकृतिक सम्पदाले धनी भईकन पनि यो देशको मुटु काठमाडौं दूषित भइरहेछ । शरीर सफा भएर पनि मुटु अस्वस्थ भएपछि त्यो स्वस्थ व्यक्ति हुनसक्दैन, शरीर स्वस्थ भएन भने त्यो व्यक्ति प्रफुल्लित र खुशी भएर हिड्न सक्दैन । ठीक यही अवस्था हाम्रो छ । विश्वमा नेपाल प्राकृतिक सौन्दर्यले परिचित छ, संसारका विकसित मुलुकबाट यहाँको सौन्दर्य पान गर्न पर्यटक आउँछन्, तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नासाथ उनीहरू नाक खुम्च्याउँछन् । काठमाडौं उपत्यका नछोडेसम्म नाक, कान, घाँटी, आँखा र छालाको रोगबाट पीडित भएका कारण उनीहरू चाहेर पनि दुई दिन बढी राजधानीमा बस्न सक्तैनन् ।

नेपालको एउटै मात्र महानगरपालिका देशको राजधानी काठमाडौं उपत्यका भित्र प्रवेशद्वार मुख्य: कलङ्की पर्दछ । चीन सरकारले बनाइदिएको चक्रपथमा कलङ्कीदेखि कोटेश्वर सम्म बाटो फराकिलो गर्ने सिलसिलामा डढेलो लागेको जंगलको धुवाँको मुस्लोभैं अथवा माघ महिनाको बाक्लो हुस्सु र तुवाँलोभैं हिड्नै नसकिने गरी धुलो उडेको देखिन्छ । श्वास फेर्न नसकिने ठाउँमा मानिस कसरी बस्ने सोच्न पनि मुस्किल छ । केही समय यता यस स्थितिमा निकै विकराल अवस्था सिर्जना भएको छ, मेलम्चीको पानी ल्याउने प्रयोजनले पाइप विछ्याउने काम जोडका तोड चलेको र सडक विस्तारले पनि प्राथमिकता पाएकाले बस्ती धुलोले छोपिएको छ ।

काठमाडौंको बसोवास अब असाध्य हुन थालेको छ । यस्तोमा नागरिकहरू आत्तिनु स्वाभाविकै छ । बढ्दो जनसंख्याले काठमाडौं अस्त व्यस्त भएको छ । साँघुरो सडक गल्लीलाई सफा राख्न स्थानीय निकायलाई मुस्किल भएको छ । विहानदेखि बेलुकासम्म साँघुरा सडकमा गाडीहरू दौडिने माइक्रो बस ट्याम्पो चल्दा लाग्छ, मूल सडक मात्र होइन, सहरका गल्लीहरू पनि दयनीय अवस्थामै परिणत भएका छन् ।

वातावरण दूषित र फोहर मात्र होइन, यहाँका मानिसहरू लाई पिउने पानी पनि अभावै छ । काठमाडौंमा यसरीनै जनसंख्याको चाप बढ्दै गएमा मेलाम्चीको पानी आए पनि अभावलाई पूर्ती गर्न धौ धौ नै हुनेछ । मेलाम्ची पानी ल्याउन अझै एक-डेढ बर्ष लाग्ने मात्र होइन, बीचबीचमा कार्यान्वयनमा छलकपट सलबलाएको प्रष्ट अनुभव हुन्छ । बनेका सडकले एक वर्षा पनि सहन सकेका हुन्नन्, खाल्डाखुल्डी देखिन्छन् । यस्तो अवस्थामा भ्रष्टाचार भएको प्रमाणित गर्न कुनै विशेषज्ञकहाँ धाइरहनुपर्दैन ।

ढुङ्गे धारा, कुवा, इनार सुक्दै गएकोले हिजो धनीले मात्र टयाङ्कर को पानी प्रयोग गर्ने गरेकोमा अब गरिबले पनि ट्याङ्कर को पानी प्रयोग गर्न वाध्य भएका छन् । अझ निम्नस्तरका व्यक्तिहरूले शौचालयमा पनि कागज प्रयोग गर्न बाध्य भएका छन् । धेरै दिनसम्म नुहाउन नपाउनेहरूले बडी लोशन प्रयोग गर्ने अवस्था आएको छ ।

जति घना बस्ती उति धेरै प्रदूषण । तर यस प्रदूषणले काठमाडौं निकटका शहर पनि जोगिन भने सकेका छैनन् । काठमाडौं महानगरपालिकाबाट दक्षिणतिर कीर्तिपुर नगरपालिका पर्दछ । कीर्तिपुरको १९ वडामध्ये १ देखि ५ वडासम्म बाक्लो बस्ती भए पनि अन्य क्षेत्र त्रिवि, चोभार, भाजंगल मच्छेगाउँ, सल्यानस्थान, टौदहमा भने बस्ती पातलो छ । यस १९ वडामध्ये १७ वडास्थित कीर्तिपुरबाट काठमाडौं जाने मुख्य बसपार्क रहेको छ । यहाँबाट प्रत्येक मिनेटमा बस गुड्ने गर्दछन । त्रिवि कीर्तिपुरका आगनमा पर्ने भएकाले यहाँ ७५ जिल्लाका मानिसहरू भेटिन्छन् । त्यसैले यो स्थानमा मानिसको भिड र गाडीको चापले तनावपूर्ण अवस्था छ । वातावरणको असर त प्रत्यक्ष-अप्रत्यक्ष परिराखेकै छ, जो विश्वव्यापी पनि हो तर हामीले सिर्जना गरेको स्थानीय समस्याले स्थानीयवासीलाई नै बढी सताएको छ । यस्तो अवस्थामा मानसिक तनाब एक अर्को समस्या हो । वातावरणका कारण व्यक्तिको मस्तिष्कमा तनाबले ट्युमर जन्माउँछ जो ठूलो समस्याको विषय बन्छ । आज क्यान्सर र ट्युमरका विरामी बढ्नुमा धुलो, धुवाँ र ध्वनिप्रदूषण कारण रहेको विज्ञहरू बताउँछन् ।

कीर्तिपुरस्थित १७ वडाको टाउन प्लानिङ्गमा १३ वर्षअघि १०० रोपनी जग्गा काठमाडौंको नगर बिकासले व्यवस्थित योजनाका लागि लिएको थियो । यस स्थानमा राम्रो चित्त बुझ्ने तरि काले बस्ती विकास नभएकोले नगाउँदेखि मच्छेगाउँसम्म टाउन प्लानिङ्ग योजना यहाँका जनताको बिरोधमा असफल भएको थियो । हालसम्म पनि यस १७ वडास्थित १३ वर्षअघि सडकको दायाँबायाँ ओछ्याएको दुई इन्च पाइपमा पानी पठाउन सकेको देखिन्न । यो टाउन प्लानिङ्गका बस्तीका लागि दु:खद पक्ष हो । यसलाई नगरपालिका खाने पानी संस्थान र टाउन प्लानिङ्ग कमिटीले चासो लिनुपर्थ्यो । यहाँको सम्बन्धित निकायले नीति नियमको ठीक किसिमले पालना नगरिदिएका कारण धेरै कुरामा लथालिङ्ग भताभूङ्ग अबस्था छ । दूध पोखरीमा पानी भइकन पनि त्यसलाई सदुपयोग गरी ल्याउन सकिएको छैन । अन्य क्षेत्र जहाँ पानीको मुहान नै छैन, त्यहाँ त पानीको समस्या हुने नै भयो ।

कीर्तिपुर एउटा उदाहरण मात्र हो । राजधानी वरिपरिका क्षेत्रमा पनि महानगरपालिकाको भन्दा त्यति राम्रो अवस्था छैन । खासगरी धुलो, धुवा र ध्वनिले सिंगो काठमाडौं खाल्डो यतिखेर निसासिएको छ । यस्तो अवस्थामा विदेशी पर्यटक जति आएका छन्, त्यो पनि बढी हो भन्नुपर्छ । हुनसक्छ, अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा भएका कारण मात्र विदेशीहरू उपत्यकामा टेक्न बाध्य भएका हुन्, अन्यथा पोखरा वा निजगढतिरै अवतरण गरेर अन्नपूर्ण परिक्रमा वा सगरमाथा आरोहण पूरा गर्दै उतैबाट घर फर्किने थिए । यस प्रकारको समस्या छिटोभन्दा छिटो समाधान गर्नुको साटो बाटो विस्तारलाई लिएर असमझदारी बढेको छ । जनता सर्वोच्च अदालत र आन्दोलनको शरणमा पुगेका छन् । परिणामत: धुलोभित्र उपत्यकावासी आँशु बगाएर बस्न अझै लामोसमयसम्म बाध्य हुने अवस्था सिर्जना भएको छ ।

ADMISSION OPEN !!! ADMISSION OPEN !!!

Creative academy proudly announces the
New Admission for the Academic Session 2074 B.S.
From Play Group to Class Six for the limited Seats.
Forms are being distributed from School Office
(10AM- 3:00PM)

Entrance Date:
2073 Chaitra 19 & 26
Time: 10:30 AM

" International School Award Winner"
2015-2018

INTERNATIONAL SCHOOL AWARD

CREATIVE ACADEMY
NayaBazar, Kirtipur
Phone: 4334123, 4336107

## सामुदायिक विकास समाज, नेपालको

# प्रथम सामाजिक लेखाजोखा कार्यक्रम सम्पन्न

**कीर्तिपुर सन्देश/**

२०७२ सालको भूकम्प पिडितहरुलाई सहयोग गर्न २०७२ मंसिर २९ गते हिराबहादुर महर्जनको अध्यक्षतामा स्थापना भएको सामुदायिक विकास समाज नेपालले गत फागुण १२ गते शनिवार जनसेवा माध्यमिक विद्यालयको प्रांगणमा प्रथम सामाजिक लेखाजोखा कार्यक्रम सम्पन्न गरेको छ। सचिव गुजय सिंहले संचालन गर्नुभएको उक्त कार्यक्रमको सभापतित्व उपाध्यक्ष विना महर्जनले गर्नु भएको थियो । कार्यक्रम संयोजक सरिना महर्जनले उपस्थित सबैलाई स्वागत गर्नुका साथै कार्यक्रमको बारेमा जानकारी दिनु भएको थियो। उहाँका अनुसार उक्त संस्था स्थापना गर्नुका उद्देश्यहरुमा

– संस्थाले समुदाय विकासका लागि शैक्षिक, सामाजिक, आर्थिक आदि कारणले पिछडिएका, उत्पिडीत, उपेक्षित, जनजाति, दलित, आदि वर्गहरुको उत्थानका लागि जनचेतना मुलक कार्यक्रमहरु गर्ने,

–समुदायमा छरिएर रहेका जनशक्तिहरुलाई एकत्रित गरि राष्ट्र विकासमा टेवा पु¥याउने,

– संस्थाले समुदायमा रहेका ऐतिहासिक मठ मन्दिरहरुको मर्मत, संभार, पार्क निर्माण तथा सार्वजनिक सम्पतिहरुको संरक्षण गर्ने,

–महिला हिंसा, महिला साक्षरता, महिला अधिकार, महिला बेच, विखन तथा महिला नेतृत्वका लागि उत्प्रेरित हुने खालका कार्यक्रमहरु आयोजना गर्ने,

–कुनै पनि विपदमा परेका व्यक्ति तथा परिवारहरुलाई हरेक प्रकार को सहयोग गर्ने,

–न्यून आया भएका परिवारहरुलाई जिविकोपार्जनको लागि विभिन्न शिपमुलक तालिमहरु प्रदान गर्ने,

–सामाजिक कार्य तथा अन्य कार्यहरु गर्ने,

कार्यक्रम प्रस्तोता सरिना महर्जनका अनुसार सामुदायिक विकास समाज, नेपालको कार्यक्षेत्रको परिवेश निम्नानुसार रहेको छ

–२०७२ साल बैशाख १२ गते आएको भुकम्पले कीर्तिपुर नगर पालिकाको पांगा क्षेत्रमा अरु क्षेत्रमा भन्दा तुलनात्मक रुपमा मानविय, भौतिक क्षति भएको, पूर्णक्षति घर संख्या ७२९ घरधुरि, मानविय क्षति १८ जना,

–भुकम्प गएको २ वर्ष हुनलाग्दा पनि अझै पिडितहरु टहरामा बस्न बाध्य,

–भूकम्प पश्चात टहरामा बस्नेहरुमा महिला हिंसाको घटना दर्तामा आएको र अहिले महिला अधिकारको क्षेत्रमा विशेष प्रयासहरु भईर हेको,

–महिला हिंसाको घटना न्यूनिकरणका लागि महिला सुरक्षा र संर क्षणका विशेष पहलहरु पनि प्रेरक समितिहरु समुदायमा स्थापित,

–कार्यक्षेत्रमा लालपुर्जाको अभावले सरकारी अनुदान लिन बञ्चित परिवारहरु भएको,

–कार्यक्षेत्रमा रहेका अधिकारवालाहरु समूह, सहकारी लगायतका महिला, किशोरी सहितका अधिकारवालाहरुको संगठनमा आवद्ध र हेर सामुहिक अभियानका प्रयासहरु गर्न थालिएको,

–पुनःनिर्माणका साथै पूर्वतयारी योजना निर्माणका छलफल र प्रयासको सुरुवात भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त संस्थाको कार्यक्षेत्र १.महिला अधिकार २. पुननिर्माण ३.जिविकोपार्जन, ४. भुमि अधिकार ५. गुणस्तर शिक्षाको अधिकार रहेका छन। वित्त अधिकृत नेन्सी महर्जनले लेखा प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । उहाँका अनुसार मार्च २०१६ मा आनसंग रु. ६२ लाख २५ हजार चवहतरको सम्झौता भएकोमा जम्मा रु.११७०,१८७ मात्र खर्च भएको बाँकी रु.५०,५४,८८७/ जगेडामा रहेको छ । त्यस्तै १६ सेप्टेम्बर २०१६ मा HNNसंग रु.६०,९८,०४८/को सम्झौता भएकोमा रु.२३,६०,६०६/ उपयोग भएको छ । जुन ३९% प्रतिशत मात्र उपयोग भएको बताउनु भयो। उक्त संस्थाको कर्मचारी तथा प्रशासन लागत रु.१५,२४,५५१




मध्ये रु.१४,४०,५८३/उपयोग भएको छ। तर कार्यक्रम लागतमा रु.४५,७३,४९७/ उपलब्ध भएकोमा रु.९,२०,०२३/मात्र उपयोग भएको छ जुन २०% मात्र हुन आउँछ। उहाँले प्रत्यक्ष कार्यक्रमहरुको बारेमा पनि उपलब्ध र उपयोग र प्रतिशतमा बताउनु भयो ।

१.महिला अधिकार सुरक्षा -रु.५,११,८११ -३,६०,६५०– ७०%
२.पुनः निर्माण –रु.१५,८६,६८६/ – रु.८६,७४४/ – ५%
३.भुमि अधिकार –रु.४,१२,५००/ –रु.१७,२२७/ – ४%
४.जिविकोपार्जन पुनर्लाभ-रु.१४,५०,०००/ रु.१६०,०५३/
५.लैङ्गिक तथा शिक्षा अधिकार-रु.२,९७,५००/ रु.१,६३,९६६/

उक्त प्रस्तुत प्रतिवेदनमाथि आनन्द महर्जन, रिता महर्जन, हरि देवी महर्जन, रुपेन्द्र महर्जन, मैया महर्जन, अन्जु महर्जनले बजेट भएर पनि किन काम हुन सकेन भन्ने प्रश्न उठाएका थिए । कार्यक्रम ढिला सुरु भएको र लालपुर्जा नभएर यस्तो भएको भन्ने जवाफ दिनुभयो। जनसेवा मा.वि.का प्राचार्य नन्दकुमारी महर्जनले केही सुझाव दिनुका साथै यसरी सार्वजनिक लेखाजोखा समुदाय बिच प्रस्तुत गर्नाले यस संस्था प्रति जनसमुदायको विश्वास बढेको बताउनुभयो। त्यस्तै सभापति विना महर्जनले सबैलाई धन्यवाद दिंदै कार्यक्रम विसर्जन गर्नुभयो।

के तपाई मोटोपनबाट चिन्तित हुनु हुन्छ, अब चिन्ता नमान्नुहोस्

LOSE WEIGHT WITHOUT DIET OR EXERCISE

भुइँस्याउ



★ सेवनकर्ताको मेटाबलिज्म (पाचनक्रिया) मा तत्काल परिवर्तन हुने ।
★ उच्च फाइबरको मात्रा हुने ।
★ कोलेस्ट्रोल र मधुमेहलाई सन्तुलनमा राख्ने ।
★ शरीरमा जम्मा भएको बोसोलाई शक्तिमा परिवर्तन गर्ने ।
★ मोटोपन घटाउनका लागि खानपिनमा सुधार तथा व्यायाम गर्नु नपर्ने ।
★ पाचन शक्तिमा सुधार हुने ।
★ रोग प्रतिरोधात्मक शक्तिको क्षमता बृद्धि हुने ।
★ प्राकृति रूपमा FOS प्राप्त हुने ।

अन्य विभिन्न प्रकारका फलफुल, विउ विजक र विरुवाहरूको लागि सम्झनुहोस्

धौलागिरी नेचुरल फुड्स एण्ड हर्वस् प्रा. लि.
कीर्तिपुर, ट्याङ्ला काठमाडौं । फोन नं. : ०१-४३३०३०५, ९८५१२१०४६३
dhaulagiriherbs@gmail.com
groundapplenepal dhaulagiriherbs


Exchange Offer
Online Shoping को लागि
Playstore मा MN Shop App. को व्यस्था
सम्पुर्ण सामानहरुमा वारेन्टी
सस्तो, भरपर्दा र उत्कृष्ट ब्राण्डका सामानहरु
Mobile
Nikunja Pvt. Ltd.
Head Office:
Kirtipur-17, Kathmandu : 01-4333257
E-mail: mobilenikunj4333257@gmail.com
Showroom:
Kirtipur-17, Kathmandu
Prayag Pokhari-12, Lalitpur
Kuleshwor-14, Kathmadu
Mahabauddha-5, Mobile House

# कीर्तिपुर नगरपालिकामा नेपाली कांग्रेस र माओवादी केन्द्र बीच टक्कर हुने सम्भावना

## २०७० सालमा भएको दोस्रो संविधानसभाको चुनावमा कुन वडाबाट कसले कति मत पाए ?

| राजनीतिक दल | वडा १ र २ | वडा ३ र ४ | वडा ५र ६ | वडा ७ र ८ | वडा ९ र १० | वडा ११ र १२ | वडा १३ १४ र १५ | वडा १६, १७, १८, १९ |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली काग्रेस – | १३५० | ६९५ | ६७८ | ९५५ | ७०६ | ९९३ | १८७१ | १५६७ |
| एमाले – | १०५३ | ६५६ | ६७३ | ६७७ | २६८ | ४११ | ७५१ | ८८१ |
| एमाओवादी – | ११५३ | १०९१ | ७६१ | ४५५ | ५९४ | ७५४ | ६८२ | १००५ |

**प्रमुख राजनीतिक पार्टीहरुले २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा कीर्तिपुर नगरपालिकामा जम्मा पाएको मत– नेपाली कांग्रेस ८८१५, एमाले ५३७० र एमाओवादी ६४६५**

त्यतिबेला बैद्य माओवादीले बाहिरी रुपमा संविधान सभाको चुनाव बहिस्कार गरेको भए पनि भित्र भित्र एमाओवादीलाई हराउन नेपाली कांग्रेसलाई समर्थन गरेपछि जित्छ भन्ने हल्लाले नेपाली कांग्रेसले बढी मत पाएको अनुमान गरिएको छ। यसको साथै त्यतिबेला एक भोट रुख र एक भोट गाई अर्थात रुगाले गर्दा र स्थानीय उम्मेदवार भएका कारण नेपाली कांग्रेसले वढि मत पाएको भन्ने एमाओवादीको दावी रहेकोछ। यसरी विगतको मतको आधारमा विश्लेषण गर्दा कीर्तिपुर नगरपालिकामा नेपाली कांग्रेस र माओवादी केन्द्रको विचमा प्रतिस्प्रर्धा हुने देखिन्छ। यसमा बैद्य माओवादी र नयाँ शक्तिवीच माओवादी केन्द्रले कार्यगत एकता र मोर्चाबन्दी बनाउन सकिएमा अझ बढि माओवादी केन्द्रको बढि मत आउने सम्भावना देखिन्छ।

साविकको वडा नं. ३ र ४ हाल समायोजन पछि वडा नं. १० बनेको छ। यदि संविधान सभाको चुनावमा खसेको मत हेर्ने हो भने अरु पार्टीहरु भन्दा माओवादी केन्द्रको बढी मत छ। यस अवस्थामा हाल वडा नं.१०को अध्यक्षमा माओवादी केन्द्रबाट वीर प्रसाद भन्सारी उठ्ने चर्चा छ। त्यस्तै नयाँ शक्ति पार्टीबाट केशरत्न बज्राचार्यले पनि उम्मेदवार हुन इच्छा व्यक्त गर्दै आइरहेको छ। उक्त वडामा तेस्रो पार्टीको रुपमा रहेको ने.क.पा. एमालेबाट विकास महर्जन वा अमन महर्जन उठ्ने चर्चा छ। नेपाली कांग्रेसको त्यति चर्चामा आएको छैन। तैपनि बिविशा शाक्यको पनि नाम आउन थालेको छ। तत्कालीन वडा नं. ५ र ६ हाल वडा नं.३ भएको वडा जहाँ दोस्रो संविधान सभामा एमाओवादी एक नम्बरमा रहेको छ। सिद्धि कुमार मानन्धरको नगर अध्यक्षमा नाम आइरहेको छ। यदि उहाँले नगर अध्यक्ष छोडेर वडा अध्यक्षमा चुनाव लडे उहाँ जित्ने सुनिश्चित देखिन्छ। अर्को तर्फ अष्ट मानन्धरको नाम पनि आइरहेको छ।

तत्कालिन वडा नं.९ र १० हाल वडा नं. ८ मा नेपाली कांग्रेस र एमाओवादी बिच टक्कर हुने देखिन्छ। नेपाली कांग्रेसबाट तत्कालिन वडा नं ९ ईकाई सभापति बिनोद महर्जन, तत्कालिन वडा नं.१० ईकाई सभापति विकास महर्जन र बुथ प्रतिनिधि नरेन्द्र श्रेष्ठले वडाध्यक्षको लागि दावी गरिरहेका छन। अरु दुईजना भन्दा विनोद महर्जन आम कार्यकर्ता मात्र होइन वडावासीहरुसँग पनि राम्रो सम्बन्ध भएको, कसैलाई आपत विपत पर्दा सहयोग गर्न तत्पर रहने व्यक्ति भएको कारण विनोद महर्जनले टिकट पाएमा जित्ने सम्भावना रहेको छ। त्यस्तै एमालेबाट सुशिल महर्जनको नाम चर्चामा आइरहेको छ। एमाओवादीबाट ज्ञानवहादुर महर्जनको नाम अगाडि आइरहेको छ। एमाओवादीमा सक्रिय कार्यकर्ता, सांस्कृतिक क्षेत्रमा पनि दखल भएको कारण ज्ञानवहादुर महर्जनले विनोद महर्जनलाई टक्कर दिन सक्ने अनुमान गरिएको छ। त्यस्तै तत्कालिन वडा नं.११ र १२ समायोजन भई हाल वडा नं.५मा एमाओवादीबाट बैकुण्ठ महर्जन र पूर्ण महर्जनको नाम चर्चा छ। एमालेबाट राजेश महर्जनको नाम चर्चामा रहेको छ। नेपाली कांग्रेसबाट विश्वजीत महर्जन र गुजय सिंहको नाम चर्चामा छ। जनतामाझ गुजय सिंह लोकप्रिय छ। भूकम्पको बेला आफ्नो छोराको मृत्यु हुँदा समेत पर्वाह नगरी अरुको उद्धार गर्न हिंडेको र हालसम्म पनि सामुदायिक विकास समाज नेपालको सचिव भई पिडितहरुको सहयोग गरीरहनु भएको छ।

लगानीको नयाँ क्षेत्र
????
सहकारी, संघसंस्था तथा लगानीकर्ताहरुका लागि...............
MUKTINATH INVESTMENT PVT. LTD.
MUKTINATH INVESTMENT PVT. LTD. Estd: 2065 KATHMANDU
Battisputali-9, Kathmandu, Nepal.(Head Office)
Phone No. 01-4485894 Mobile No: 9801078318
Tanglafat, Kirtipur (Branch)
Email: muktinathinvestment@gmail.com, http://www.www.muktinathinvestment.com

# अन्तर्राष्ट्रिय प्रतियोगितामा सकारात्मक खेल प्रस्तुत गर्नु आवश्यक



**–नविन महर्जन–**

यस साता आफ्नो खेल खेल्न नेपाली राष्ट्रिय फुटवल टोली र राष्ट्रिय क्रिकेट टोली विदेशमा रहेका छन । नेपाली राष्ट्रिय फुटवल टिम आफ्नो अविजित यात्रा कायम गर्दै एसियन कप सन् २०१९ छनोटको लागि फिलिपिन्ससँग खेल्न फिलिपिन्समा रहेको छ भने भरखर मात्र सम्पन्न विश्व क्रिकेट लिग खेलमा स्तरीय खेल प्रदर्शन गर्दै कप्तान ज्ञानेन्द्र मल्लको नेतृत्वमा युवा टोली सहितको क्रिकेट टिम एसिसि इमर्जिङ कपमा भारत, श्रीलंका, बंगलादेश, पाकिस्तान जस्ता टेस्ट खेल्ने राष्ट्रका यू-२३ टोलिको सहभागिता रहेको छ । एसोसियतमा नेपाल सहित अफगानिस्तान, हङकङ र मलेसिया रहेको छ ।

नेपाल समूह बी मा रहेका छन जस्मा आयोजक बङ्गलादेश सति पाकिस्तान र हङकङ रहेका छन ।

नेपालले पहिलो खेल गत चैत्र १४ गते सोमवार पाकिस्तान सँग खेलेको थियो । जसमा नेपाल ६ विकेटले पराजित भएको थियो ।

त्यसै गरी दोस्रो खेल चैत्र १५ गते बंगलादेशसँग खेलेको थियो । जसमा नेपाल ८३ रनले हारेको छ ।

यस प्रतियोगितामा समूह चरणको अन्तिम खेल नेपालले भोलि विहिबार हङकङ्गसँग खेल्ने छ । यस प्रतियोगिताको शिर्ष २ टिम सेमिफाइनलमा पुग्ने छ ।

नेपालको सहभागिता भनेको युवा टोलीलाई तिखार्ने हो तसर्थ यस प्रतियोगिता जित्ने भन्दा पनि अनुभव बटुल्ने र सहभागिता जनाउनुमा केन्द्रित हो । तर पनि नयाँ युवा टोलिले अन्तर राष्ट्रिय प्रतियोगिता खेल खेल्न पाउनु पनि सकारात्मक नै लिनु पर्दछ । यस प्रतियोगितामा नेपालका पुराना एवं अनुभवी खेलाडीहरुमा नियमित कप्तान पारस खड्का, स्पीनर शक्ति गौचन, बसन्त रेग्मी तथा तीब्र गतिका बलर सोमपाल कामी र करण के.सी.को उपस्थिति रहेको छैन ।

आठ खेल अपराजित नेपाली फुटवल टिम उच्च मनोबलका साथ फिलिपिन्स पुगेका थिए । हुनत नेपाली टिमले १५ महिना यता भएको अन्तरराष्ट्रिय प्रतियोगिता अन्तर्गत सोलिडारिटी कप, वंगबन्धु गोल्डकप समेत हात पारेको थियो ।

नेपालले आफ्नो पहिलो एसियन कप छनोट खेल हिजो चैत्र १५गते मंगलवार फिलिपिन्ससँग खेलेको थियो । वास्तवमा फिलिपिन्स फिफा वरीयतामा १२४ औं स्थानमा रहेको राम्रो टिम हो । हाल विश्व वरीयताक्रममा नेपाल १७० औं स्थानमा रहेको छ।

प्रशिक्षक ग्यातोकु कोजीले कम समयमा कुनै मैत्रीपूर्ण खेल विना पनि यस छनोट प्रतियोगितामा खेल्नु परेकोले ठुलो चमत्कार हुने आशा गरेको थिएन ।

तर नेपाली टिमले के आत्मासात गरेका थिए भने सन् २०११को साफ च्याम्पियनसिपको लागि एक महिने पूर्वि एसियाको भ्रमण गरेको थियो । त्यसबेला नेपाल फिलिपिन्ससँगको मैत्रीपुर्ण खेलमा ४-० गोल अन्तरले पराजित भएको थियो । यो खेल लगायत अन्य चार खेलमा नेपाली टिमले म्याच फिक्सिङ भएको एसियाली फुटवल महासंघको रिपोर्टमा दर्ज छ जस्ले गर्दा पूर्व कप्तान सागर थापा लगायत पाँच फुटवलर र फिजियो डेजित थापालाई एएफसीले २०७२ मंसिरमा आजीवन प्रतिबन्ध लगाएको थियो । जस्ले गर्दा नेपालको छवि सकारात्मक रहेको कायम गर्न यो फिलिपिन्स यात्रा महत्वपूर्ण रहेको छ ।

# इन्द्रेणी सांस्कृतिक समाजले सांस्कृतिक श्रद्धाञ्जली दिने

इन्द्रेणी सांस्कृतिक समाज (इसास) २०४४ सालमा स्थापना भएदेखिनै प्रगतिशील, सामाजिक, सास्कृतिक रुपान्तरणका लागि सांस्कृतिक अभियान चलाउँदै आइरहेको छ । २०४४ चैत्र २० गते गठन भई सांस्कृतिक अभियान चलाउने क्रममा इसासले २०४६ सालको जनआन्दोलनमा चैत्र २० गते खासिबजारमा प्रहरीको गोली लागी सहादत हुनु भएका कीर्तिपुरका चार सपुत राजेन्द्र महर्जन, राजमान माली, हिराकाजी महर्जन र लनवहादुर महर्जन सँगै सबै जनआन्दोलनका ज्ञात-अज्ञात सहिद तथा बेपत्ता नागरिकको सम्झनामा वर्षेनी सांस्कृतिक श्रद्धाञ्जली कार्यक्रम गर्दै आएको छ ।

यसै सन्दर्भमा यस वर्ष पनि आगामी २०७३ चैत्र २० गते आईतवार साँझ ३.३० बजे पांगा दोबाटोस्थित कृष्ण क्याटरिंग हलमा सांस्कृतिक श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरिएको छ। उक्त कार्यक्रममा उपस्थित हुन इसासका अध्यक्ष वीरप्रसाद भन्सारीले अनुरोध गर्नु भएको छ।

# कीर्तिपुर बजार व्यवस्थापन समिति पुनर्गठन हुने

निकै समयदेखि प्राय: निक्रिय रहेको कीर्तिपुर बजार व्यवस्थापन समितिको कार्य समितिको गत चैत्र ९ गते बसेको बैठकले आउने चैत्र २६ गते शनिवार साधारण सभा गर्ने निर्णय गरेको जानकारी प्राप्त भएको छ ।

उक्त साधारण सभामा नयाँ नेतृत्व पनि चयन हुने भएकोले समितिमा बसेर काम गर्न चाहने, सदस्य महानुभावहरुले सदस्यता नविकरण तथा नयाँ सदस्यहरुले सदस्यता लिन पनि आव्हान गरिएको छ ।




भर्ना खुल्यो ! भर्ना खुल्यो ! !

यस हिलटाउन स्कूलमा नयाँ शैक्षिक सत्र २०७४ को लागि प्ले-ग्रुप (नर्सरी तयारी कक्षा) मा नयाँ भर्ना खुल्यो ।

तुरुन्त सम्पर्क गर्नुहोस् ।

फोन नं.: ४३३१७३९, ४३३१४०७

# कीर्तिपुरमा स्थानीय तह चुनावको चर्चा बढ्न थाल्यो

## कांग्रेस, माओवादी र एमालेका स्थानीय नेताहरु आफूले नै जित्ने दावी

**कीर्तिपुर सन्देश साप्ताहिक**

स्थानीय तहको चुनाव हुन अब ४८ दिन बाँकी छ। कीर्तिपुरमा स्थानीय तहको चुनावको बारे अहिले आएर बल्ल चुनावको चर्चा हुन थालेका छन । मतदाताहरु पनि कुन पार्टीबाट को उम्मेदवार हुने होला भनेर उत्सुकताका साथ हरेक छलफलमा चासो लिइरहेका छन ।

पार्टीहरु भित्र भित्र आफ्ना कार्यकर्ताहरु बाहेक पनि अरुलाई आफूतिर तान्न छलफलमा बोलाइरहेका छन । ती छलफलमा भाग लिएका व्यक्तिहरुले बताए अनुसार गत २०५४ सालको स्थानीय चुनावमा मेयर उपमेयरसहित १९वटा वडामा १० वटा वडा जितेका नेकपा एमाले आगामि चुनावमा पनि आफूले जित्ने अड्कल काटिरहेका छन । पूर्व मेयर र उपमेयरले आफूलाई उम्मेदवारको दावेदार नगरे पछि प्रमुखमा रमेश महर्जन र लक्ष्मी कुमार महर्जन दावेदारको रुपमा अगाडि आएका छन। तर पार्टीले भने कुनै निर्णय गरेको छैन ।

दुवैजनाले आफ्नो दावेदार प्रस्तुत गर्दै आफूले टिकट पाएमा जित्ने बताउन थालेका छन । एक जना दावेदार लक्ष्मी कुमार महर्जन विगतमा साविक वडा नं.३को अध्यक्षमा निर्वाचित भएर पार्टीभन्दा माथि उठेर काम गरेको कारण आफ्नो पार्टीमा मात्र होइन मतदाताहरुमा लोकप्रिय रहेको र त्यतिबेलादेखि पार्टीमा निरन्तर लागिरहेको, अहिले पनि नेकपा एमाले पार्टीको जिल्ला कमिटि सदस्य, कीर्तिपुर नगरको इन्चार्ज रहेको स्थानीयदेखि जिल्ला कमिटिले उहाँको नाम सिफारिस गर्न सकिने सम्भावना रहेको बताएको छ। त्यस्तै अर्का दावेदार रमेश महर्जन हिलटाउन स्कुलको प्रिन्सिपल, कीर्तिपुर यातायात सेवा कंम्पनीको अध्यक्ष र कीर्तिपुर बहुउद्देश्यीय सहकारीको अध्यक्ष जस्तो नेतृत्वदायी पदमा काम गरी सकेको र पार्टीको प्रतिनिधी भएर विगत लामो समयदेखि की.न.पा.मा काम गरीरहेको अनुभवका कारण उहाँले टिकट पाउनु पर्ने दावी गर्दै एक किसिमले चुनावको प्रचारमा लागीसकेको बताइन्छ। कार्यकर्ताहरु पनि लबिंगमा लागेका छन । पार्टीले कसलाई टिकट दिने हो भन्नेमा अहिलेनै भन्न नसक्ने बताईरहेका छन ।

माओवादी केन्द्रको एक्लो उम्मेदवारको रुपमा शम्भुराम महर्जन अगाडि आइरहेको छ । पंचायतकालदेखि जनपक्षीय उम्मेदवार भई चुनाव जित्नु भएको, राराहिल स्कुलका संस्थापक मध्ये एक, कि.मा.वि.मा एक दशकभन्दा बढी व्यवस्थापन समितीको सदस्य भएर काम गरेको, एक दशकदेखि कीर्तिपुर नगरपालिकाको राजनैतिक संयन्त्रमा बसी काम गर्दै आइरहनु भएको, हरेक आन्दोलनमा अग्रपंक्तिमा रहेर नेतृत्व गरी जेलनेल भोगेको, हाल सहिद स्मारक कलेज व्यवस्थापन समितिको अध्यक्ष रहनु भएको यसरी हरेक काममा सक्रिय रहेका कारण र सबैसंग मिलेर काम गर्ने क्षमताको कारण आफूले जित्ने दावी गर्नु भएको छ ।

नेपाली कांग्रेसमा भने धेरै आकांक्षी रहेका कारण यसैले टिकट पाउँछ भन्न सकिरहेको छैन । राजकुमार नकर्मी, पुकार महर्जन, कृष्णमान डंगोल र राम मान सिंहको नाम चर्चामा छ। नेपाली कांग्रेसमा गुट उपगुट रहेको कारण शेरवहादुर देउवा गुट हावी भएमा राम मान सिंहले टिकट पाउने छन भने प्रकाश मान सिंह बलियो भएमा पहिलो प्राथमिकता राजकुमार नकर्मि, पुकार महर्जन र कृष्णमान डंगोल मध्य एकजनाले टिकट पाउने छन। यसपाली कीर्तिपुर नगरपालिकामा नेपाली कांग्रेसले जित्ने पक्का पक्की जस्तै भएको ने.का.का कार्यकर्ताहरुको अनुमान छ । २०७० सालको जस्तो अवस्था नभएको कारण माओवादीले पनि आफ्नो जीत दावी गरेका छन ।

राप्रपाको तर्फबाट जीतवहादुर विष्ट अध्यक्ष पदको उम्मेदवारको रुपमा चर्चामा छन ।

नयाँ शक्ति पार्टीबाट अध्यक्ष पदमा ई.ध्रुब महर्जनको चर्चा छ। नयाँ सोच, काम गर्ने क्षमता भएको व्यक्तिको रुपमा चर्चामा छ। २०६२ सालको चुनावमा मेयर पदमा जितेर ६ महिना अवधिमा उहाँले गर्नुभएको कामको सराहना गर्नेहरु अद्यापि छँदैछन। त्यसैले हाम्रो होइन राम्रो मान्छे चुनौं भन्ने अभियान चलाईरहेका छन । फेसबुकमा त चर्चा भइ नै सक्यो । तर पार्टीले भने अहिलेसम्म निर्णय नगरेको कार्यकर्ताहरु बताउँछन ।

अध्यक्ष पुरुष भए उपाध्यक्ष महिला राख्नै पर्ने प्रावधान भए पनि पार्टीगत रुपमा कसैको नाम अगाडि नल्याए पनि कार्यकर्ता बिच विभिन्न चर्चा हुन थालेका छन। खास गरी नयाँशक्ति पार्टीबाट शुभलक्ष्मी शाक्य (सुनिता)को नाम प्रचारमा आइसकेको छ। नेपाली कांग्रेसका तर्फबाट सृजना सिंह र विमला विष्टको नाम चर्चामा छन । तर सृजना सिंह जागिरदार भएको कारण जागिर छाडेर आउँछ कि आउँदैन भन्न सकिंदैन ।

त्यस्तै एमालेबाट पहिले पाँगाको मन्दिरा महर्जनको नाम अगाडि ल्याइएको थियो तर उनले अनिच्छा जाहेर गरेपछि बिन्दु महर्जनको नाम अगाडि आएको छ ।

यसै बीचमा साविक १८ नं वडा भाजंगलका तत्कालिन निर्वाचित महिला उम्मेदवार एलिना माली पनि उपाध्यक्षको उम्मेदवारको रुपमा प्रचारमा आइरहेका छन। केही कार्यकर्ता एवं एमाले मतदाता भने विगतको हरेक आन्दोलनमा सक्रिय भूमिका निभाउँदै आइरहेकी कीर्तिपुरको कीर्ति लक्ष्मी नामले जानिएकी रामकुमारी महर्जनको कहिं कतैबाट नाम उल्लेख नभएको देखेर सबैजना आश्चर्य मानिरहेका छन ।



# कुनै पनि कामलाई हेला गर्नु हुँदैन प्रयास र हिम्मत गर्नुस् सफल हुनेछ

- खलासीको काम गर्दा गर्दै रजनीकान्त सुपरस्टार बने ।
- ड्राइभरको काम गर्दा गर्दै एल्विस प्रिस्ले विख्यात गायक बने ।
- कवाडीको काम गर्दा गर्दै स्टिभ जब्स् एप्पलका मालिक बने ।
- वेटरको काम गर्दा गर्दै लियोनेल मेस्सी धनी फुटवल प्लेयर बने ।
- सानैमा चोरी गर्दै हिड्ने विकाशानन्द धार्मिक गुरू बने ।
- साग बेच्दै हिड्ने थोमस एडिसन वैज्ञानिक बने ।
- सात कक्षा फेल रामकृष्ण ढकाल चर्चीत गायक बने ।
- भिख माग्ने चार्ली च्याप्लिन नामी हास्य कलाकार बने ।
- चिया बेच्ने मोदी भारतका प्रधानमन्त्री बने ।
- दुई सय रूपिया बोकि निस्केका पुष्कर शाहले विश्व घुमे ।
- कलेज छोडेका विल गेट्स विश्वकै धनी व्यक्ति बने ।
- कलेजकै औसत विद्यार्थी मार्क जुकरबर्ग फेसवुकका मालिक बने ।
- सात पटक एसएलसी फेल रविन्द्रनाथ टैगोर विश्वकवी बने ।
- लहै लहैमा गित गाउदा गाउदै अमृत गुरूङ नामी गायक बने ।
- लम्बु भनेर होच्याइएका अमिताभ बच्चन महानायक बने ।
- मुम्बइ हेर्छु भनी ट्याक्सी चढेर आएका शाहरूख खान किङ खान बने ।
- घरेलु नोकर म्याक्सिम गोर्की महान् लेखक बने ।
- पेट्रोल पम्पमा काम गर्ने धिरूभाई अम्बानी भारतकै धनाढ्य बने ।
- खुट्टाले लेखेरै झमक घिमिरेले मदन पुरस्कार जितिन ।
- अन्धो हुदाँहुदै होमरले इलियड र ओडेसी जस्ता महाकाव्य लेखे ।
- कुँजो स्टिफन हकिङले व्ल्याक होलको रहस्य खोले ।
- कुनैबेला तुना(चप्पल र जाँगे लगाइ हिड्ने बाबुराम भट्टराई नेपालको प्रधानमन्त्री बने ।
- गरिबीले थिचिएका मोजर्ट संसारकै नामी संगीतकार बने ।
- SLC पास रेखा थापा चर्चित नायिका बनिन् ।
- तिन पटक SLC फेल हरिवंश आचार्य नामी कलाकार बने ।
- पुस्तक पसलमा कामगर्ने माइकल फराडे वैज्ञानिक बने ।

WE ARE OPEN FOR
ADMISSION



Innovative
Preschool
2017
"A Gateway to Excellence"
# Small Class Size
# Wide and Varied Curriculum
# Trained Teachers and Professionals
# Spacious Location
# Library
# Earthquake Resistant Building
Age 2+, 3+, 4+ Group
Contact: Panga, Pragati Path, Karki tole
Ph: 014334117, 9841301858

# कुनै स्कुल, कलेज वा विश्वविद्यालय नपढेका राजा महेन्द्रले गरेका काम

१.चौध अञ्चल र पचहत्तर जिल्ला बनाए ।

२.नेपालमा भारतीय पाठ्यपुस्तक प्रतिबंध गराए ।

३.भारतीय मुद्राको चलनमा रोक लगाए ।

४.भारतीय सेनाको नेपालमा उपस्थिति रोक ।

५.जलस्रोतमा भारतीय हस्तक्षेप रोक ।

६.पञ्चवर्षीय योजनाको शुरुआत ।

७. राष्ट्रबैंक स्थापना ।

८.भूमिसुधारको व्यवस्था । ९. विकेन्द्रीकरणको थालनी ।

१०. मोहियानी हक, ०२० साल भाद्र १ गते नयाँ मुलुकी ऐन घोषणा गरी उनले छुवाछुत, जातिभेद र लिंग भेदविरुद्धको नीति अख्तियार गरेका थिए । ०२१ सालमा भूमिसुधार ऐन घोषणा गर्दै उनले जमिन्दारी प्रथा र बिर्ता उन्मूलन गरी जग्गा जोत्ने मोहीहरुको अधिकार सुरक्षित गरे ।
११.सर्वोच्च अदालत स्थापना ।

१२.सेना र प्रहरीको आधुनिकीकरण ।

१३.नेपाली मंत्री मण्डलको बैठकमा भारतीय प्रतिनिधित्व माथि रोक ।

१४.पूर्व-पश्चिम राजमार्ग राजा महेन्द्रको महत्वपूर्ण देन थियो । उक्त राजमार्ग नहुँदासम्म तराईमा एउटा जिल्लाबाट अर्को जिल्ला जानुपर्दा भारतको बाटो प्रयोग गर्नुपर्थ्यो । विदेशी सहयोगमा राजमार्ग निर्माण गरेर यो अवस्था अन्त्य गरे । १५.देशी उद्योगधन्दाहरु विकास गरेर भारतीय परनिर्भरतालाई न्यूनीकरण गर्दै गए । वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, बाँसवारी जुत्ता कारखाना, सिमेन्ट र कपडा उद्योगहरु, सबै उनकै पालामा स्थापना गराएक हुन् ।

१६.अमेरिका, ब्रिटेन र भारतसँग मात्र सीमित नेपालको कूटनीतिक सम्बन्ध बढाएर ५३ राष्ट्रसँग मित्रता स्थापना ।

क्यान्टिन सञ्चालन गर्नको लागि
शिलबन्दी दरभाउपत्रको ७ दिने सूचना
**प्रथम पटक प्रकाशित मिति : २०७३/१२/१६**
यस मंगल माध्यमिक विद्यालय तथा क्याम्पस कीर्तिपुरको शैक्षिक वर्ष २०७४/२०७५ सालमा अध्ययनरत करिब १४०० विद्यार्थीहरुको लागि क्यान्टिन सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक फर्म तथा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रु.५००/- (पाँच सय मात्र) फिर्ता नहुने गरी शिलबन्दी दरभाउपत्र यस मंगल माध्यमिक विद्यालय, कीर्तिपुरको लेखा शाखामा विहान ७:३० बजेदेखि दिउँसो १ बजेभित्र दर्ता गर्नुहुन सूचित गरिन्छ ।
**विस्तृत जानकारीको लागि विद्यालय समयभित्र फो.नं.४३३०५४४ मा सम्पर्क गर्न सकिने छ ।**
मंगल माध्यमिक विद्यालय
कीर्तिपुर, काठमाडौं

# कीर्तिपुरका धावक धर्म महर्जनलाई विदाई तथा शुभकामना

कीर्तिपुरका भेट्रान धावक धर्म महर्जनले नेदरल्याण्डको Texed City मा हुने De Zenting Texel 2017 अल्ट्रा म्याराथुन (६० कि.मि) प्रतियोगितामा सहभागि हुन गइरहेको छ ।

कीर्तिपुर क्षेत्रकै समग्र खेलकुद विकास गर्ने उद्देश्यले गठित कीर्तिपुर खेलकुद विकास समाजले आउने चैत्र १८ गते शुक्रवार नयाँबजार क्लब भवन नयाँबजारमा एक कार्यक्रम गरी उहाँको सफलताको कामना गर्दै विदाई एवं शुभकामना व्यक्त गर्ने कार्यक्रम राखेको समाजका सचिव नविन महर्जनले जानकारी गराउनु भएको छ । साथै उक्त कार्यक्रममा धावक धर्म महर्जनलाई शुभकामना दिन उपस्थित हुन सबैलाई अनुरोध गरिएको छ ।


## तुरुन्त कर्मचारी आवश्यकता

काम : विस्कुत मार्केटिङ्ग

योग्यता : कक्षा ८ पास

संख्या : १ जना

तलब रु.८०००/

कीर्तिपुर समल टोल

फोन नं.९८१३२०९१५९







# नेपालमण्डल दाफा महोत्सवको समापन समारोहका लागि अन्तिम तयारी



**कीर्तिपुर सन्देश साप्ताहिक**

नेपालमण्डल टेलिभिजनको आयोजन र ललितपुर मलको प्रयोजनमा भएको ऐतिहासिक रुपमा सफल भएको नेपालमण्डल दाफा महोत्सवको समापन समारोह आउदो चैत्र ३० गते बुधवार नेपाल प्रज्ञा प्रतिष्ठानमा गर्ने भएको छ । गत कार्तिक १२ गतेदेखि फागुन २१ गते सम्म प्रत्येक हप्ता शुक्रवार र शनिवार दिउसो २ बजेदेखि ६ बजे सम्म नेपालमण्डल टेलिभिजनले प्रत्यक्ष प्रशारण गरेको नेपालमण्डल दाफा महोत्सव विशेष समारोहवीच समापन गर्नका लागि अन्तिम तयारी भइरहेको नेपालमण्डल दाफा महोत्सव निर्देशन समितिका सचिव एवं पत्रकार श्रीकृष्ण महर्जनले बताउनु भएको छ ।

हालै मात्र नेपालमण्डल दाफा महोत्सव निर्देशन समितिका अध्यक्ष एवं सताब्दी पुरुष संस्कृतिविद् सत्यमोहन जोशीको अध्यक्षतामा बसेको बैठकले आउदो चैत्र ३० गते समापन कार्यक्रम गर्ने निर्णय गरेको सचिव महर्जनले बताउनु भएको छ । कार्तिक १२ गते राष्ट्रपति विद्यादेवी भण्डारीले ललितपुर मा एक समारोहवीच उद्घाटन गर्नु भएको सो दाफा महोत्सवमा काठमाण्डौं उपत्यकाका सबै शहर र गाउँ, तिस्तुङ, चित्लाङ, भोजपुर, दोलखा, काभ्रे, रामेछाप लगायतका जिल्लावाट पनि सहभागी भएको थियो ।

ललितपुरको लगनखेलस्थित ललितपुर मलमा भएको सो महोत्सवमा कीर्तिपुर, पांगा, नगाउँ र चोभारका गरि एक दर्जन भन्दा बढि दाफा खलकले सो महोत्सवमा दाफाका साथ साथै विभिन्न नृत्यहरुको प्रस्तुत गरिएको थियो । कीर्तिपुरका मात्रै सयौं जनाले महोत्सवमा भाग लिएको थियो भने ती कलाकार र दाफा खल:लाई समेत आउदो चैत्र ३० गते प्रमाणपत्र दिने कार्यक्रम रहेको नेपालमण्डल दाफा महोत्सव निर्देशन समितिले बताएको छ ।

नेवा: संस्कृतिको आधार भएको दाफा संस्कृतिलाई संरक्षण, सम्वर्द्धन विकास गर्नुका साथ साथै युवा पुस्तालाई आकर्षित गर्ने र राज्यको ध्यानाकर्षण गर्नका लागि सो महोत्सव आयोजना गरिएको हो । जम्मा १५३ दाफा खलकले दाफा साथ साथै विभिन्न परम्परागत नृत्यहरु समेत प्रस्तुत गरेको महोत्सवको क्रममा एउटै दबलिमा ५ हजार भन्दा बढि कलाकारहरुले आ-आफ्नो कला प्रस्तुत गर्नु भएको थियो ।

नेपालको इतिहासमा यति लामो र यति धेरै कलाकारले प्रस्तुत गरेको सांस्कृतिक महोत्सव पहिलो हुने समेत सचिव महर्जनले बताउनु भएको छ । आउदो ३० गते ती सबै कलाकार र दाफा खल:लाई प्रमाणपत्र दिने समेत कार्यक्रम रहेको नेपालमण्डल दाफा महोत्सव निर्देशन समितिले जनाएको छ ।




# बच्चासँगै बाबुले दुध चुसेको फोटो इन्स्टाग्राममा पोष्ट भएपछि



सामाजिक सञ्जाललाई कसरी दुरुपयोग गर्ने भनेर कसैले यी महापुरुषबाट सिकोस ! अष्ट्रेलियाका डिन ह्यारिङ्टोनले इन्स्टाग्राममा यस्तो तस्बिर पोष्ट गरेका छन् जुन हेर्ने जोसुकै पनि लाजले निहुरिन बाध्य हुन्छन् ।

तस्बिरमा उनकी श्रीमती राइनाहले आफ्नो एक महिनाको बच्चा आर्लेलाई सोफामा बसेर दुध चुसाइरहेका छन् । र, ह्यारिङ्टोन महासयले बच्चा झैं गरी श्रीमतीको अर्को स्तन चुसिरहेका छन् । राइनाहले पनि श्रीमानको यो हर्कतलाई खुशीसाथ स्वीकारेको तस्बिरबाट देखिन्छ ।

तस्बिरको क्याप्सनमा ह्यारिङ्टोनले लेखेका छन् 'हामीले एउटा गजब काम गऱ्यौं, हाहाहा'' । इन्स्टाग्राममा ६० हजार फलोअर्स भएका ह्यारिङटोनको यस तस्बिरले ठूलै हल्लाखल्ला उत्पन्न भएको थियो । हजारौंले यसमा लाइक गरे भने सयौंले कमेन्ट गरे । तर पछि इन्स्टाग्रामले सो तस्बिर हटाइदिएको छ ।

यस विषयमा प्रतिक्रिया दिंदै उनले आफूले साँच्चिकै दुध चुसेको नभई अभिनय मात्र गरेको दावी गरे ।

'यो ठट्टैठट्टामा गरिएको थियो,' उनले भने, 'सबैलाई रमाइलो होस भनेर इन्स्टाग्राममा पोष्ट गरेको थिएँ ।' त्यसो वयस्क व्यक्तिले दुध चुसेको फोटो सामाजिक सञ्जालमा राखिएको यो पहिलो घटना होइन । एटलान्टाकी जेनिफर मुलफोर्डले गत वर्ष आफ्नो ब्वाइफ्रेन्डलाई दुध चुसाएको फोटो सामाजिक सञ्जालमा पोष्ट गरेकी थिइन् । उक्त हर्कतपछि उनी काम गर्ने कम्पनीले उनलाई जागिर बाटै निकालिदिएको थियो ।

ADMISSION OPEN

आगामी वर्षदेखि भर्ना प्रकियामा विशेष योग्यता जाँच गरिने काठमाडौं जिल्लाको एकमात्र नमूना विद्यालयको प्रारम्भिक कक्षामा भर्ना हुन चाहनेले तयारी गरौं । आफ्नो सिट सुरक्षित गरौं ।

ECD for Foundation
*ADMISSION OPEN*
*ADMISSION OPEN*

प्रिन्सिपल

**जनसेवा मा.वि. पाँगा**

सम्पर्क नं.४३३०८८०/४३३१९८२



Entrance exam : 2073 Chaitra 20, 24, 26

# भैँसीले जन्मायो 'मान्छेको बच्चा'



केही समय पहिले एक अफ्रिकी देशमा एकजना महिलाले बाखाको पाठा जस्तै बच्चा जन्माएको खबर खुबै चर्चित भएको थियो । अहिले थाइल्याण्डको उस्तै खबर भाइरल बनेको छ। त्यहाँ एउटा भैँसीले मान्छे जस्तै जिउडाल भएको पाडो जन्माएको छ ।

मान्छेजस्तै जिउडाल, ढाँचा तथा स्वरुप भएको बच्चा भैँसीले जन्माउँदा मानिसहरु अचम्ममा नपर्ने कुरा भएन । टाढा टाढाबाट मान्छेहरु त्यो विचित्र हेर्न आए ।

भैँसीले बच्चा जन्माएको केही बेरमै उक्त मानव स्वरुप पाडोको मृत्यु भएको थियो । तर मानिसहरुमा उक्त पाडो हेर्ने उत्सुकता मेटिएन ।

आखिर भैँसीले कसरी मान्छेजस्तो बच्चा जन्मायो भन्ने प्रश्न उठाए देख्नेहरुले । पछि उसलाई बेबी पाउडरले मालिस गरेर लगियो र खाडल खनेर गाडियो । एजेन्सी

# ४१ करोड पर्ने सुनको सिक्का चोरी



एजेन्सी जर्मनी, चैत १५ - शुद्धताको लागि गिनिज बुक अफ वर्ल्ड रेकर्ड बनाएको बहुमूल्य सुनको सिक्का सोमबार जमर्नीको संग्राहलयबाट चोरी भएको छ। करिब ९० किलोग्राम वजन तथा २० इन्च व्यास भएको उक्त सुनको सिक्का सोमबार विहान स्थानीय समयअनुसार २ बजे बर्लिनमा रहेको बोडे संग्राहालयबाट चोरी भएको हो । जर्मन मिडियाले उक्त सुनको मूल्य ३.७ मिलियन युरो पर्ने बताएका छन् । 'बिग म्यापल लिफ' भनेर पनि चिनिने उक्त सिक्का रोयल क्यानेडियन मिन्टले सन् २००७ मा तयार गरेको थियो । महारानी एलिजाबेथ द्बितियको जर्मनीको राजकीय भ्रमणको पूर्व सन्ध्या उक्त सिक्का प्रकाशन गरिएको थियो । उक्त सुनमा ९९९.९९र१००० शुद्धता रहेको बताइएको छ । सन् २०१० देखि उक्त सुन बोडे संग्राहालयमा राखिएको थियो । प्रहरीले यस विषयमा अनुसन्धान गरिरहेको बताएको छ ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

बाल विकास शिक्षामा लामो समय देखि सेवारत समूहद्वारा सञ्चालित PRAYAS PRE-SCHOOL & TRAINING CENTER मा नयाँ भर्ना खुल्यो !!!

### हाम्रो विशेषताहरु

- पूर्ण तालिम प्राप्त प्रशिक्षकहरु भएको ।
- लामो समय देखि बाल विकास शिक्षामा कार्यरत प्रशिक्षकहरु भएको ।
- खुल्ला र रमणिय वातावरण भएको ।
- यातायातको व्यवस्था भएको ।
- स्वस्थ र पोषणयुक्त खानाको व्यवस्था भएको ।
- नियमित स्वास्थ्य परिक्षण गरिने ।
- अधिक शैक्षिक सामाग्रीहरुले सजिएको कक्षा कोठाहरु भएको ।
- अंग्रेजी र नेपाली भाषाको दुई प्रशिक्षकहरुको व्यवस्था भएको ।
- पर्याप्त खेल सामाग्री र खेल मैदान भएको
- डे केयरको समेत व्यवस्था भएको ।
- भुकम्प प्रतिरोधी भवन भएको ।
- श्रव्य दृष्यको माध्यमबाट अध्यापन गराइने ।
- शिक्षक तालिमको व्यवस्था भएको ।

आजै सम्पर्क राख्नुहोला !



प्रयास प्रि-स्कूल तथा तालिम केन्द्र
भाजङ्गल चौतारी नजिकै, की.न.पा-१८, भाजङ्गल
सम्पर्क: ९८४१४७९९३७, ९८०८७५४९२१
Faceboo l: Prayash Montessori
E-mail: prayash2073@gmail.com



## हार्दिक बधाई



यस सहकारी संस्थाका शेयर सदस्य **श्री ससिर महर्जन नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत विष्णुदेवी अस्पताल व्यवस्थापन समितिको अध्यक्ष** पदमा मनोनीत हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै उहाँको कार्यकालमा अस्पतालको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
तग:वपी, नयाँबजार-१७, कीर्तिपुर
फोन ४३३०६०९/४३३५५५१ kslcop@wlink.com.np



## हार्दिक बधाई



हाम्रा मित्र समाजसेवी **श्री ससिर महर्जन विष्णुदेवी अस्पताल व्यवस्थापन समितिको अध्यक्ष** पदमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयवाट मनोनीत हुनु भएकोमा हार्दिक बधाईको साथै कार्यकाल सफलताको कामना गर्दछौं ।

**वाई जि जि ग्रुप**
नयाँबजार, कीर्तिपुर

# स्थानीय निर्वाचनविरुद्ध थारु कल्याणकारीणी सभाद्वारा सत्याग्रहको घोषणा





**कीर्तिपुर सन्देश साप्ताहिक**

स्थानीय निर्वाचनको विरोध गर्दै आएको नेपालका आदिवासी जनजातिहरू मध्ये तराईका अदिवासी थारुहरूको साझा एवं राष्ट्रिय संगठन थारु कल्याण कारिणी सभा (थाकस)को केन्द्रीय सभा बैठकले सत्याग्रह, भद्र अवज्ञा र असहयोगको कार्यक्रम गर्ने भएको छ। राजधानीमा आयोजित दुई दिने बैठकले वैशाख ५ देखि ३१ गतेसम्मको दबाबमूलक कार्यक्रम सार्वजनि गरेको हो । सभाका अध्यक्ष धनीराम चौधरीले सभा र थरुहटर थारुवान संयुक्त संघर्ष समितिको एकसाथ विज्ञप्ती जारी गर्दै २०७४ वैशाख ८, १५, २२ र २९ गते ललितपुरको पुल्चोकस्थित युएन कार्यालय अगाडि गएर हातमा कालोपट्टि बाँधी टुकी बाल्ने, प्लेकार्ड प्रदर्शन गर्ने र थरुहट जिल्लाका सबै जिल्ला प्रशासन, इलाका प्रशासन, हाटबजार, चोकमा प्रदर्शन गर्ने जनाएको छ । बैठक पछि थारु कल्याणकारिणी सभाका अध्यक्ष धनिराम चैधरीले जारी गरेको विज्ञप्तिमा यसरी उल्लेख गरिएको छ ।

मुलुकको वर्तमान राजनीतिक अवस्था अत्यन्तै तरल, समवेदनशील एवं संक्रमणकालीन छ। हामी तराईका मूल आदिवासी थारुहरू हालसम्म प्रप्त उपलब्धीहरु बहुदलियता, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता लगायतलाई संस्थागत एवं कार्यान्वयन गराउदै आन्तरिक उपनिवेशीकरण, विभेद, दासत्व र असमानता विरुद्ध थारु कल्याणकारिणी सभाको संयोजकत्वमा गठित थारुहट/थारुवान संयुक्र संघर्ष समितिको विगत २० महिनादेखि शान्तिपूर्ण रुपमा आफ्नो पहिचान, समानुपातिक प्रतिनिधित्व र थारुहट स्वायत्त प्रदेशको संवैधानिक सुनिश्चितताको लागि निरन्तर आन्दोलनरत रहेको जगजाहेर छ। संविधानसभाको नियम विपरित हृवीप जारी गरी २०७२ असोज ३ गते घोषणा गरिएको अधुरो अपुरो र विभेदकारी संविधानले विगत २५० बर्षदेखि बहिस्करणमा पारिएका हामी आदिवासी थारुहरूको पहिचान, पहुँच, प्रतिनिधित्व, अधिकार लगायत थारुहट थारुवानको १३ बुँदे माग सम्बोधन नगरेको सर्वविदितै छ। केन्द्रीकृत शासन व्यवस्थालाई अन्त्य गरी संघीयताको सिमांकन गर्दा लाखौं भूमी पुत्र आदिवासी थारुहरूको सघन्तालाई छिन्न भिन्न पारी पश्चिम महाकाली नदीदेखि पूर्व मेचीसम्म भूमी पत्र आदिवासी थारुहरूको जनसंख्या, सामाजिक, सांस्कृतिक, आर्थिक एकरुपता र सघनतालाई संविधानसभाले सिमांकन गरेको ७ प्रदेशले हामीलाई विभाजित, खण्डित र कमजोर बनाई समाप्त पार्ने गुरुयोजना बनाएको जुन हामीलई मान्य छैन। नेपाल सरकार र प्रमुख राजनीतिक पार्टीहरू हाम्रो मागप्रति कुनै किसिमको गम्भीरता, सम्वेदनशीलता र जवाफदेहीता नदेखिएको समेत स्पष्ट छ। जारी शान्तिपूर्ण एवं अहिंसात्मक थारुहट/थारुवान आन्दोलनलाई जिल्ला जिल्ला, नगर नगर, गाउँ टोल टोल, घर घर र जन जनमा पुऱ्याउनका लागि र परिमार्जन सहितको संविधान संशोधन गराउन २०७४ बैशाख ५ गतेदेखि ३१ गते सम्म जारी सत्याग्रह, भद्र अवज्ञा र असहयोग कार्यक्रम निम्न अनुसार गर्ने निर्णय गरेको छ । १) २०७४ बैशाख ८, १५, २२ र २९ गते शुक्रवारका दिनमा ललितपुरको पुल्चोकमा रहेको युएनको कार्यालय अगाडी दिउसो २ बजेदेखि ३ बजे सम्म हातमा कालेपटी बाँधी लाल्टीन, टुकी, दियो, मैनवत्ती, प्लेकार्ड प्रदर्शन गर्ने। २) जिल्लाहरूको हकमा थारुहट/थारुवान जिल्लहरूमा २०७४ बैशाख ८, १५, २२ र २९ गते शुक्रवारका दिनहरूमा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय अगाडी, हाट बजार, राजमार्ग र गाउँ गाउँ, टोलटोलमा वा पायक पर्ने सार्वजनिक ठाउँमा दिउसो २ बजेदेखि ३ बजे सम्म हातमा कालेपटी बाँधी लाल्टीन, टुकी, दियो, मैनवत्ती, प्लेकार्ड प्रदर्शन गर्ने । ३) सरकार प्रमुख वा कार्यवाहक सरकार प्रमुख बाहेक सरकारमा नेतृत्व गर्ने मन्त्रीमण्डलका सदस्यहरूकालाई थारुहट/थारुवानका घटक संस्थाहरू थारु कल्याणकारिणी सभा एवं त्यसका भ्रात संगठनहरु र थारुहट/थारुवाट संयुक्त संघर्ष समितिमा आवद्ध थरुहत पक्षधर राजनीतिक पार्टी, राजनीतिक पार्टीका भ्रातृ संगठन लगायत केन्द्रदेखि स्थानीय निकायसम्मको कुनै पनि कार्यक्रमहरूमा सहभागी नगराउने र नेपाल सरकारद्वारा आयोजित कार्यक्रमहरूलाई असहयोग, बहिस्कार र भद्र अवज्ञा गर्ने । ४) थारुहट/थारुवान संयुक्त संघर्ष समिति केन्द्रिय आन्दोलन परिचालन समितिको जारी शान्तिपूर्ण आन्दोलनको बैठकवाट अर्को निर्णय नभए सम्म सिमांकन संशोधन, पुर्ण समानुपातिक प्रतिनिधित्व लगायतका हाम्रा १३ बुँदे मागबारे प्रचारात्मक, जनजागरण, जनचेतना अभियान सहित काठमाण्डौं उपत्यका लगायत थारुहट/ थारुवान जिल्लामा जारी राख्ने ।


## सूचना

यस ग्लोब बचत तथा ऋण सहकारी संस्था लि. कुलेश्वरबाट ऋण लिइ बा १ खः २१४६ को आइचर कम्पनीको बस संचालन गर्ने ऋणी हाल कीर्तिपुर नगरपालिका वडा नं.६ टौडह बस्ने श्री धन बहादुर धोडलाई आजका मितिले १५ दिनभित्र यस सहकारीमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण चुक्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा धितोमा राखिएको उक्त बस सहकारीबाट विक्री गरी ऋण असुल उपर गरिने जानकारी गरिन्छ ।

ग्लोब बचत तथा ऋण सहकारी संस्था लि.

कुलेश्वर, काठमाडौं

## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १० बर्षदेखि संचालित कीर्तिपुर गृहिणी महिला विद्यालयमा शैक्षिक शत्र २०७४ को लागि कक्षा १ देखि कक्षा १० सम्म भर्ना खुल्यो ।

**कीर्तिपुर गृहिणी महिला विद्यालय**

समल कीर्तिपुर,

फोन नं. ४३३२२४८, ९८४१६४९९८९




# सुनिल ग्रोवर कपिलको कार्यक्रममा फर्कनुको एउटै कारण जसले दुःखी बनाउँछ

यस हप्ता कपिलले आफ्ना पुराना सहकर्मी बिना नै कार्यक्रम संचालन गरे। उनले यसका लागि चर्चित हास्यकलाकार सुनिल पल, राजु श्रीवास्तव र एहसान कुरेसीलाई भित्र्याए।

कार्यक्रम हेर्ने धेरैले यसमा त्यति मज्जा नभएको बताएका छन्। कार्यक्रम अवधिभरी कपिल त्यति उत्साहित देखिएनन् र आफ्ना प्रशंसकलाई पहिले झैं मनोरञ्जन प्रदान गर्न नसकेको धेरैले आरोप लगाएका छन्।

र उनी फर्किए‘

यहाँ उनका प्रशंसकहरुका लागि खुसीको खबर छ। कपिल शर्मा कार्यक्रममा फिर्ता हुँदै छन् र कार्यक्रमको सुटिङ चाँडै नै सुरु हुने बताइएको छ। खबर सुन्दा सायद तपाईंलाई अचम्म लागेको होला र उनको एक्कासी ‘मुड परिवर्तन’ हुनुको पछाडि के कारण होला भनेर सोचिरहनुभएको होला। यसको कारण थाहा पाउँदा तपाईं खुसी हुनुको साटो दुःखी हुनुहोला।

खास कारणः

एक भारतीय मिडिया अनुसार सुनिल ग्रोवरले सोनी टिभीसँग सम्झौता गरेकाले उनी कार्यक्रममा फर्कनु परेको हो। उक्त टिभीसँगको सम्झौता अप्रिलसम्म भएकाले सुनिलले अप्रिलसम्मको कार्यक्रमको जसरी पनि सुटिङ गर्नुपर्ने शर्त अनुसार उनी कार्यक्रममा फर्कन बाध्य भएको स्रोतले दाबी गरेको छ।

त्यसकारण सुनिल कार्यक्रममा सधैंका लागि नभई एक महिनाका लागि मात्र फिर्ता भएको खबरले उनका प्रशंसकलाई पक्कै पनि दुःखी बनाउनेछ।

कपिल र उनीबारे विभिन्न समाचार आइरहेका बेला यो कुरा वास्तविक हो होइन भन्ने कुराको पुष्टि भने भएको छैन।




# धुम्रपान तथा सूर्तिसेवन नगरौं

– चुरोट, बिडी, सिगार, तमाखु, सुल्फा, हुक्का वा कक्कड तथा खैनी, गुट्खा सूर्ति यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्नु वा मुखमा राखी त्यस्तो पदार्थको रस लिने कार्यलाई धुम्रपान वा सूर्तिसेवन भनिन्छ।

–धुम्रपान वा सूर्तिसेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानीकारक छ।

**यसको प्रयोगले**

मुख तथा फोक्सोको क्यान्सर गराउँछ, सास गन्हाउँछ, खानमा स्वाद आउँदैन, दाँत तथा ओठ कालो हुँदै जान्छ, रक्तनलीहरू खुम्चिदै जानाले रक्तचाप बढाउँछ, त्यसैले धुम्रपान वा सूर्तिजन्य पदार्थको सेवन नगरौं।

सार्वजनिक स्थानमा धुम्रपान गर्नु दण्डनीय भएकाले घर, विद्यालय, कार्यालयलाई धुम्रपान वा सूर्तिजन्य पदार्थको सेवन गर्ने कुलतमा नफसौं। **स्वस्थ जीवनयापन गरौं**

**जिल्ला जनस्वास्थ्य कार्यालय**
**ललितपुर**



# Mangal Secondary School

## Proudly announces

## ADMISSION OPEN

IN Pre-Primary Level

Features :

—Seperate Pre-Primary block
—Nutritious daily food facilities
—Focus on child psychology
—Homely and natural School environment
—Affordable fee
—Audio Visual teaching and learning Classes
—Japanese and Montessori based teaching and learning methods
—Parenting Classes for parents

For further Information

**Mangal Secondary School**
Nayabajar, Kirtipur
Ph: 4330544, 9841301285, 9841301531



**भर्ना चाल ! भर्ना चाल !! भर्ना चाल !!!**

नेपालभाषा केन्द्रीय विभागय् एम.ए. (M.A) तगिंमय् भर्ना चाल

भाषा, लिपि, साहित्य, संस्कृति, इतिहास अध्ययनया निति भर्ना जुयादिसँ।

फाराम दुतिनेगु अन्तिम दिं –२०७३ चैत्र २२ तक।

स्नातक तगिंमय् उतीर्ण जुइधुंकूपिं न्ह्याम्हसिनं नं ब्वनेदइ।

स्वापू –

**नेपालभाषा केन्द्रीय विभाग,**
पाटन संयुक्त क्याम्पस परिसर,
यलध्वाखा फो.नं.५२६०४९४ / ९८५१०९१५१७

# आवश्यकता

प्रथम पटक प्रकाशित मितिः २०७३/१२/१६

यस कीर्तिपुर उपभोक्ता सहकारी संस्था लि. का लागि निम्नानुसारको कर्मचारी आवश्यक भएकोले इच्छुक योग्य, अनुभववि स्थानिय इमान्दार महिला उम्मेरवारहरु बाट दरखास्त आव्हान गरिन्छ ।

| पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|
| सेल्स ट्रेनी | २ | S.L.C. वा सो सरह |
| पार्ट टाईम सेल्स ट्रेनी | ३ | S.L.C. वा सो सरह |

दरखास्त दिने अन्तिम मिति :
सुचना प्रकाशित मितिले ७ दिनभित्र

**कीर्तिपुर उपभोक्ता सहकारी संस्था लि.**
की.न.पा. १७, नयाँबजार
फोन न.: ४३३३०४१,४३३०६०९


# जहाँ आमा-बाबुदेखि बच्चासम्म भाडामा लिन पाइन्छ



आजकाल हरेक वस्तुहरु अनलाइनमा बिक्री हुन थालेका छन् । उचित मूल्यमा चाहेको सामान घर मै आइपुग्छ भने बजारसम्म जाने दुख किन गर्ने ? त्यसैले अनलाइन बजार फस्टाएको छ ।

तर, यहाँ हामी तपाईंलाई यस्तो अनलाइनको बारेमा बताउँदै जसले कल्पनै गर्न नसकिने कुराहरु भाडामा उपलब्ध गराउँछ । यो हो जापानमा सञ्चालित वेवसाइट रेंन्टएवाइफओट्टावा डट कम । आखिर यहाँ के-के कुराहरु भाडामा लिन पाइन्छ त ?

यस वेवसाइटले ग्राहकको मागअनुसार पुरुष वा महिला साथी सप्लाइ गर्छ । भित्री वस्त्र भाडामा दिने त यो सम्भवत संसारकै एक मात्र वेवसाइट हुनुपर्छ । यदि तपाईंलाई पट्यार लागिरहेको छ भने त्यसलाई दुर गर्न मायालाग्दा बच्चाहरु भाडामा लिन सक्नुहुन्छ ।

यदि माया-प्रेमको अभाव महसुस भइरहेको छ भने भाडामा आमा-बुवा वा श्रीमती मगाउनुस । यदि छोराछोरीको होमवर्क गराउन गाह्रो परेको छ भने निश्चित पैसा तिरेपछि होमवर्क गराइदिने व्यक्ति घर मै आइपुग्छ ।

यो वेवसाइट अहिले जापानमा निकै लोकप्रिय भइहेको छ । जापानीहरु आफूलाई जे चाहियो त्यही भाडामा लिन पाएर मख्ख छन् । यसको बदलामा कम्पनीले मोटो आम्दानी गरिरहेको छ ।


# हार्दिक समवेदना

जन्मः
वि.सं. १९८३
बैशाख



निधनः
वि.सं. २०७३
चैत २ गते

**स्व. कोमल बहादुर महर्जन**

यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य इन्द्रमान महर्जनको पुज्यनीय बुबा **कोमल बहादुर महर्जन**को गत चैत २ गते ९० बर्षको उमेरमा दिवंगत हुनु भएकोले उहाँको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी समवेदना व्यक्त गर्दछौं ।

**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.**
नगाउँ, कीर्तिपुर-९



# हार्दिक समवेदना

जन्मः
ने.सं. १०४२
बैशाख ५



निधनः
वि.सं. २०७३
चैत १२ गते

**स्व. तरिबाबु महर्जन**

यस शहिद पथ बिचाः गुथिका सदस्य प्रेम वहादुर महर्जनका पुज्यनीय पिता याकःछैं, पाँगा निवासी **तरिबाबु महर्जन**को गत चैत १२ गते ९५ बर्षको उमेरमा दिवंगत हुनु भएकोले उहाँको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी समवेदना व्यक्त गर्दछौं ।

**शहिदपथ बिचाः गुथि**
सालिक,पाँगा कीर्तिपुर-८

# पाहां चःह्रेः छगू दुवाला



पत्रकार
श्रीकृष्ण महर्जन

नेपाःया राजधानी येँय् दँय्दसं थीथी कथंया जात्रा पर्वत नेवाःतय्सं हना वयाच्वंगु दु । येँय् दँय्दसं हनीगु येँयाः, जनबाहाः द्यःया रथ जात्रानिसें थीथी कथंया जात्रात मध्ये छगू महत्वपूर्णगु नखः व जात्रा धइगु पाहांचःह्रे खः । पाहांचःह्रे मूल रुपं येँया नेवाःतय्सं हनीगु खःसां नं थीथी नेवाः वस्तीइ तकं यःसिं थना पाहांचःह्रे नखः हनेगु याना वयाच्वंगु दु ।

न्हापा न्हापा ला पाहांचःह्रे स्वनिगःया फुक्क हे नेवाःतय्सं हनेगु यानाच्वंगु अले लिपा वनाः त्वःतावंगु खः धाइपिं नं मदुगु मखु । न्ह्यागु हे जूसां पाहांचःह्रे धाये धुनेवं हे येँया नेवाःतय्सं हनीगु नखःया रुपय् आः थुइका हयाच्वंगु दु ।

पाहांचःह्रे धइगु तिथिया ल्याखं चिल्लागा चःह्रेया दिंयात केन्द्रविन्दु कथं नालाः हना वयाच्वंगु संस्कृति खः । पाहांचःह्रेयात नेवाःतय्सं पासाचःह्रे, लाभाचःह्रे नं धायेगु याना वयाच्वंगु दु । बसन्त ऋतुया ई जुया फय् वइगु नापं मौसमया ल्याखं नं धू ब्वइगु, न्हापा न्हापा किटाणुतपाखें महामारी ल्वय् नं वइगु जुयाः ल्वचं बचे जुइगु निर्तिं लाभा नयेगु नखःया रुपय् नं पाहांचःह्रेयात हनाच्वंगु दु ।

पाहांचःह्रेया भ्वलय् द्यःखः जात्रा मल्लकालय् सुरु जूगु खः । थुगु नखःया भ्वलय् पाहां ब्वनेगु यानाच्वंगुलिं हे पाहांचःह्रे धाःगु धकाः धाइ । पाहांचःह्रेया इलय् मूलद्यः कथं लुँमरि अजिमा वतु, लुँमरि अजिमा तेबाहाः व कंग अजिमायात तःकेहेँपिं धकाः ब्याख्या यायेगु नं याना वयाच्वंगु दु । अले पाहांचःह्रे खुन्हु इपिं तःकेहेँपिं नापलाइगु खः धकाः नं धाइ ।

पाहांचःह्रे जात्राया भ्वलय् चःह्रेखुन्हु चान्हय् हे फुक्क अजिमापिं गमय् अर्थात पीगनय् तये यंकेगु याइ । अन हे चच्छि तयेगु याइ । अले चःह्रेया कन्हय्कुन्हु आमैया दिनय् सुथय् येँया थाय्थासय् मरः जा नकेगु चलन दु । इहि मयाःपिं नापं कय्ता पुजा मयाःनिपिन्त नकीगु विशेष प्रकारया जा खः । अथे मरः जा नकीगु इलय् फाया ला तकं तया नकी धइगु मान्यता दु ।

येँया लुँमरि अजिमा अर्थात भद्रकाली द्यःयाथाय्, नरदेवी, जैसीदेगः लिसें त्वाःत्वालय् हे अथे मरः जा नकीगु खः । मरः जा नल धाःसा मस्तय्त ल्वचं कइमखु धइगु जन विश्वास दु ।

## तिंख्यलय् द्यः ल्वाकीगु जात्रा

पाहांचःह्रेया भ्वलय् आमैखुन्हु चान्हय् तिंख्यलय् द्यः ल्वाकेगु चलन दु । उगु इलय् लुँमरि अजिमा खः कथं वतुया लुँमरि खः व तेबाहाःया लुँमरि खः नापं कंग अजिमायात जात्रा यानाः यंकीगु खः । जात्राया भ्वलय् तिंख्यलय् लुँमरि अजिमाया वतु खः व तेबाहाया खः नापं दिकातइ । अले कंग अजिमाया खतं निगः हे द्यःखः चाःहिलेगु नापं वतु खःलिसे मिप्वाः हिलाबुला याना काइगु खः । उकियात हे द्यः ल्वाकेगु धाइ । अथे जात्रा याना हाकनं द्यःखः थःथःगु थासय् यंकेगु चलन दु ।

## असनय् द्यःखः ल्वाकीगु

पाहां चःह्रे नखःया भ्वलय् पारुकुन्हु तःधंगु जात्रा जुइ । उगु इलय् स्वखः द्यःखः जक मखु मेमेगु द्यःखः नं कुबिया जात्रा याइगु चलन दु । पारुकुन्हु सनिलय् येँया असंमरु अजिमा लागाय् लुँमरि अजिमाया वतु खः व तेबाहाः खःयात दिकातइ । अले कंग अजिमाया द्यःखतं चाःहिलेगु याइ । अनं लिपा तेबाहाः खःलिसे कंग अजिमालिसे मिप्वाः हिलाबुला याना काइगु खः । अथे मिप्वाः हिलाबुला याना काइगुयात हे द्यःखः ल्वाकेगु धाइगु खः ।

## वतु व तेबाहा द्यःखः

वतु व तेबाहाः लागां पिकाइगु द्यःखः धइगु लुँमरि अजिमाया हे द्यःखः खः । न्हापा न्हापा लुँमरि अजिमाया छखः जक द्यःखः खःसा लिपा तेबाहाः व वतुयापिनि दथुइ कचमच जुयाः ब्यागलं ब्यागलं जात्रा यायेगु सुरु याःगु खः धाइ । अले निगू हे त्वालं थःथःगु कथं जात्रा यायेगु याःगु खः । लुँमरि अजिमाया द्यःछेँ वतुइ लानाच्वंगु दु । थुगु कथं निगू हे त्वाःया छम्ह द्यःया नामं निखः जूगुलिं तिंख्यलय् द्यः ल्वाकीबलय् छगू त्वाःलिसे अले असनय् द्यः ल्वाकीबलय् मेगु त्वाःलिसे कंग अजिमां मिप्वाः हिलाबुला याना कायेगु यानाच्वंगु खः ।

## जात्रा याइपिं द्यःपिं

पाहां चःह्रेया भ्वलय् येँया थीथी द्यःपिनिगु जात्रा याइगु चलन दु । मूल रुपं लुँमरि अजिमा तेबाहा खः, लुँमरि अजिमा वतु खः व कंग अजिमाया जात्रा खःसा मेमेगु द्यःया नं खः कुबियाः जात्रा याना वयाच्वंगु दु । थ्व हे भ्वलय् येँया तक्ति अजिमा, लुँचुभुलु अजिमा, न्हाय्कंत्वाःया अजिमा, नरसिंह आजु, गणेद्यः नापं त्यंगः गणेद्यःया नं जात्रा यायेगु चलन दु । थःथःगु त्वाःया द्यःयात जात्रा यानाः थाय्थासय् चाःहिइकेगु याना वयाच्वंगु दु ।

## जात्राय् थाइगु बाजं

पाहांचःह्रेया भ्वलय् दक्कले महत्वपूर्णगु बाजं धइगु हे नाय्खिं बाजं खः । द्यःखः जात्राया निर्तिं मथासे हे मगाःगु बाजं नापं जात्राया इलय् नं थाना वनीगु बाजं धइगु हे नाय्खिं बाजं खः । नायः समुदाययापिन्सं थाइगु बाजा जुया हे थुगु बाजंयात नाय्खिं बाजं धाःगु खः । खड्गी समुदायया मूल बाजं कथं नालातःगु नाय्खिं बाजं थानाः न्ह्याइपुसेच्वंक जात्रा याइगु खः ।नाय्खिं बाजं नाप नापं धिमे बाजं नं थायेगु याना वयाच्वंगु दु ।

## न्यतमरु अजिमाया प्याखं

पाहांचःह्रेया हे भ्वलय् येँय् ख्वाःपाः प्याखं कथं न्यतमरु अजिमाया प्याखं क्यनेगु चलन दु । थुगु प्याखनय् सिंघिनी, गणेद्यः, ब्रम्हायणी, रुद्रायणी, इन्द्रायणी, नारायणी, महालक्ष्मी, बाराही, भैरव, कुमारी, न्यतमरु अजिमा व ब्याग्रिनीया ख्वाःपाः पुयाः पाहांचःह्रेया बहनी न्यतया दबुलिइ प्याखं क्यनेगु याना वयाच्वंगु दु । दँय्दसं क्यनीगु थुगु प्याखंया भ्वलय् झिंनिदँय् छकः धाःसा दैत्य क्वःथयेगु प्याखं तकं क्यनी ।

न्यतपाःच्वया द्यःछेँय्निसें ख्वाःपाः पुयावयाः दबुलिइ पाहांचःह्रे कुन्हु गणेद्यः, ब्रम्हायणी, इन्द्रायणी, नारायणी, रुद्रायणी व महाक्ष्मीया प्याखं क्यनेगु याइ । अथे हे कन्हय्कुन्हु बाराही, भैरव, कुमारी, अजिमा, सिंधिनी व ब्याग्रीनीया प्याखं क्यनेगु याइ ।





अनं लिपा निम्ह माचाया प्याखं धकाः अजिमा व कुमारीया प्याखं क्यनीसा व धुंकाः प्यम्हमाचाया धकाः बाराही, कुमारी, भैरव व अजिमाया प्याखं क्यनेगु चलन दु । अथे हे प्याखं ल्हुइगु भ्वलय् म्येय् व फै बलि बिइगु तकं चलन दु । खिं (नेकुं खिं), ताः, भुस्याः, प्वंगा, खिमचाया तालय् द्यःजुया प्याखं ल्हुइगु खः । थुगु प्याखं न्यत लागाया ज्यापुतय्सं क्यना वयाच्वंगु दु । थुकथं पाहांचःह्रेया भ्वलय् थीथी कथंया द्यःपिनिगु जात्रा याना वयाच्वंगु जूसां नं मूल रुपं कंग अजिमा व लुँमरि अजिमा हे खः धकाः धायेफइ । अले बाजंया ल्याखं नाय्खिंयात प्रमुख बाजंया रुपय् नालातःगु दुसा न्यतमरु अजिमाया प्याखं नं क्यनेगु याना वयाच्वंगु दु ।

नेवाः समाजय् अजिमा द्यः धाइपिं थःगु हे पहःया मिसा द्यः खः । थाय् विशेष कथं नां बियातःगु जूसां मूल रुपं मिसा द्यः हे खः । अजिमा द्यःयात अष्टमातृका प्रतिक कथं नं नाला वयाच्वंगु दु ।

अजिमा द्यःया जात्रा नापनापं पाहांचःह्रेया दिनय् विशेष यानाः लाभा नयेमाःगु नापं थःथिति, पाहां ब्वने माःगु चलन दु । मौसमया ल्याखं लाभा नयेगु जात्राया रुपय् नं पाहांचःह्रेयात नालातःगु दु । उकिं न्हापा न्हापा मौसमयात ल्वय्क हनेगु याना वयाच्वंगु पाहां चःह्रे नखःया विशेषता खः । द्यःखः जात्रा मल्लकालय् सुरु जूगु खःसां वसिबें न्हापा हे पाहांचःह्रेयात पासाचःह्रे, लाभा चःह्रे धकाः येँया नेवाःतय्सं हना वयाच्वंगु खनेदु ।

थुगु कथं लिपांगु इलय् वयाः पाहांचःह्रे धइगु येँया मौलिक जात्राया रुपय् विकास जुयावंगु दु । तर लिपा वयाः पाहांचःह्रेया इलय् हे तिंख्यलय् घोडा जात्रा अर्थात सल जात्रा यायेगु ज्या राणाकालय् वयाः सुरु याःगु खः । राज्यं नं व हे सल जात्रयात प्राथमिकता बिया वयाच्वंगुलिं पाहांचःह्रे नखः छगू कथं ध्याकुनय् लाः वंगु दु ।

पाहां चःह्रेया इलय् याइगु घोडा अर्थात सल जात्रायात जक मनूतय्सं चर्चा यायेगु नापं राष्ट्रिय स्तरं प्रचार प्रसार यायेगु ज्या जूगुलिं येँया नेवाःतय्सं हना वयाच्वंगु पाहांचःह्रे नेवाः समाजय् जक लिकुनावंगु खनेदु ।

आः वयाः ला थःथिति ब्वनेगु इलय् नं पाहांचःह्रेया लसताय् धायेगु बुलुहुं बुलुहुं त्वःताः घोडाजात्रा अर्थात सल जात्राया लसताय् धायेगु तकं यानाहःगु दु । थुगु हे कथं जुयावन धाःसा कन्हय् वनाः पाहांचःह्रे धइगु हे घोडा जात्रा अर्थात सलजात्र जकं मखुला धकाः मनूतय्सं धया हयेफुगु संभावना दु ।

उकिं थ्व इलय् पाहांचःह्रे नखःया महत्वयात अझ ब्यापक याना यंकेमाःगु नापं पाहांचःह्रे नखःया बारे अझ अप्वः अध्ययन अनुसन्धान याना यंकेमाःगु खनेदु ।


## शिशु जन्मने अनुमानित मिति र गर्भ जाँच

शिशु जन्मने अनुमानित मिति थाहा पाउन अन्तिम महिनावारी भएको पहिलो दिनदेखि गन्ती गरी नौ महिना र सात दिन जोड्नुपर्छ। जस्तै– कुनै महिलाको अन्तिमपटक महिनावारी भएको पहिलो दिन २०७२ असार ५ गते भएमा उनको शिशु जन्मने अनुमानित मिति २०७२ चैत्र १२ गते हुन्छ। उनले कम्तिमा ४ पटक गर्भ जाँच गराउनुपर्छ।

यस अनुसार पहिलोपटक असोज, दोस्रोपटक मंसिर, तेस्रोपटक माघ र चौथोपटक फागुन महिनामा गर्भ जाँच गराउनुपर्छ।

**जिल्ला जनस्वास्थ्य कार्यालय**

काठमाडौं


"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable
Ornaments
"Purity is Our Moto"
"Makes You Feel Who You are"
•Exhange Offer •Gold Purity test •Gold Loan Facilities
पद्मिनि
Jewellers
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
☎ : 01-4331046